| | |
|---|---|
| क्रिप्टो करेन्सी राजा'डोक्वोनले ठगीको दोष ......... | १४ |
| ग्रेटर ब्रिक्स कसरी ग्लोबल साउथलाई सशक्त ........ | १५ |
| चीनका बेरोजगार युवाले जागिर नपाएर नाटक ........ | १६ |
| चीनको न्यून-उचाई अर्थतन्त्रः विश्वव्यापी नवप्रवर्द्धनको .... | १८ |
| नेपाल क्रिकेटः सगरमाथा चढ्दै टेस्ट .... | १९ |
| **शिखा र सूत्र (टुप्पी र जनै)को महत्व-** | २२ |
| जिएसआईका बारेमा यथार्थ जानकारी गराउन .... | २५ |
| जनयुद्धमा महिलाको सहभागिताबाट ......... | २६ |
| कामपाबाट २०४ जना विपन्न, असहायले ......... | २७ |
| शासकीय सुधारका लागि सरकारबीचको ......... | २८ |
| विदेशी पर्यटकको दर्ता तथा अनुगमन ........... | ३० |
| चाडबाड बाक्लिँदै गर्दा तरकारीको .......... | ३१ |


## श्रेष्ठको भेटघाट र दौडको रहस्य के हो ?



पेज ८

## "के रवि लामिछाने दोस्रो मदन भण्डारीकै रूपमा उदाउँदै छन् त !"



पेज १०

## सफल व्यवसायी ढकाल केवलकारसँगै पर्यटन प्रवर्द्धनमा सक्रिय



पेज ११

काजिका द.नं. ३७३५३२/२०८२/८३

SAMAYA SUTRA

समयसूत्र

वर्ष १, अङ्क - १ असोज २०८२

कानुनी सल्लाहकार
**अधिवक्ता प्रल्हादकुमार महत**
**अधिवक्ता अजय श्रेष्ठ**

सल्लाहकार
**रमा सिंह ठकुरी**
**शैलेश शाही**
**मुनिन्द्र राजभण्डारी**

प्रधान-सम्पादक
**सुनिलकुमार महत**

सम्पादक
**ज्योति आचार्य**

अध्यक्ष
**सुशील आचार्य**

प्रवन्ध निर्देशक
**सन्दीप मल्ल ठकुरी**

निर्देशक
**चिरञ्जीवी पाण्डे**
**विराज विष्ट**

कार्यकारी सम्पादक
**लक्ष्मी कँडेल**

प्रकाशक
**समयसूत्र मिडिया प्रा.लि.**

ले-आउट डिजाइन
जेबी पुरी : ९८४९०९०१४०

प्रमुख वितरक
**सुनिल के.सी.**
**भुवन अधिकारी**

मुद्रण
**मध्यपुर ९ प्रेस**
अनामनगर, काठमाडौं

कार्यालय
कामनपा-३२, कोटेश्वर, काठमाडौं
सम्पर्क : ९७६८९७०१०१
इमेल : admin@samayasutra.com
डिजिटल पत्रिका :
www.samayasutra.com

सम्पादकीय

# सुपरमार्केट उपत्यकामा खुद्रा व्यापारमा असर

सुपरमार्केटहरूको विकासले काठमाण्डौ उपत्यकामा परम्परागत खुद्रा व्यवसायको परिदृश्यमा गहिरो परिवर्तन ल्याएको छ । यसले केवल व्यापारिक संरचनामा मात्र होइन, सामाजिक र सांस्कृतिक पक्षमा समेत ठुलो प्रभाव पारेको छ। विगतमा जहाँ साना सटर पसलहरू र छिमेकीहरूसँगको व्यक्तिगत सम्बन्धहरू मार्फत सामान किन्ने चलन थियो, अहिले त्यहाँ विशाल सुपरमार्केटहरूले सबै आवश्यक सामान एकै ठाउँमा उपलब्ध गराउँदा ग्राहकहरू त्यहाँ आकर्षित भएका छन् । यो परिवर्तनले गर्दा धेरै साना सटर पसलहरूलाई आफ्नो व्यवसाय चलाउन गाह्रो भएको छ, कतिपय पसलहरू बन्द हुनु पर्दा छन् त कतिपय स्थानान्तरण गर्न बाध्य भएका छन् । यस्तो सशक्त प्रतिस्पर्धाले परम्परागत साना व्यवसायीहरूको आर्थिक स्थिति पनि कमजोर बनाएको छ। यिनीहरूको सामुदायिक किनमेल गर्ने परम्परागत शैली पनि प्रभावमा आएको छ, जसले स्थानीय आर्थिक र सामाजिक सञ्जालहरूमा नकारात्मक प्रभाव पार्न सक्ने सम्भावना छ ।

त्यसैगरी, सुपरमार्केटहरूले ग्राहकलाई डिजिटल भुक्तानी, अनलाइन अर्डर, स्वच्छ वातावरण, र आधुनिक व्यवस्थापनको सुविधा दिएकोले उपभोक्ताहरूका जीवनशैलीमा पनि महत्वपूर्ण सुधार ल्याएको छ। तर, यसले गर्दा साना व्यवसायीहरूलाई आफ्नो अस्तित्व जोगाउन नयाँ रणनीति अपनाउन आवश्यक परेको छ र सहरको आर्थिक संरचनामा दीर्घकालीन प्रभाव पर्ने चिन्ता समेत उठ्दै आएको छ ।

यसरी, सुपरमार्केटहरूको विकासले काठमाण्डौ उपत्यकाको खुद्रा व्यापार तथा सामाजिक जीवनमा विभिन्न तहहरूमा परिवर्तन ल्याएको छ, जसलाई व्यवस्थित व्यवस्थापन र सन्तुलित नीति आवश्यक छ ताकि साना व्यवसायी र सामुदायिक सम्बन्धहरू पनि बचाउन सकियोस् ।

# शुभकामना



पत्रकारिता भनेको राष्ट्रको चौथो अङ्ग हो । सर्वप्रथम वायू उर्जा, आर्थिक गतिविधि, सामाचार सामग्रीलाई समेटेर समय सूत्र मासिक पत्रिका प्रकाशन हुन लागेको जानकारी पाउँदा मलाई अत्यत्नै खुसी लागेको छ । यस समय सूत्र पत्रिकाले राष्ट्रको वायु उर्जा विकासका साथै राजनीतिक, अर्थ, बैंकिङ्ग, उद्योग, व्यापार, व्यवसाय, कृषि, स्वास्थ्य, शिक्षा, रोजगारका विषयवस्तुलाई प्रस्तुत गरेर प्रकाशन गरी सम्पूर्ण पाठक तथा  उद्योग, व्यापार व्यवसायको माझ पुऱ्याई यस मासिक पत्रिकाले सबैलाई सुसूचित गर्न सक्ने विश्वास लिएको छु । पत्रकारिताको माध्यमबाट आर्थिक क्षेत्रमा कमल चलाई राष्ट्रको समग्र उद्योग तथा अर्थतन्त्रको विकासमा समय सूत्र पत्रिकाले ठूलो भूमिका खेल्ने छ भन्ने पूर्ण विश्वासका साथ प्रकाशनको निरन्तरताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।



प्रकाशशरण महत<br>
पूर्व उर्जामन्त्री<br>
केन्द्रीय सदस्य नेपाली कांग्रेस

# शुभकामना



पत्रकारिता भनेको राष्ट्रको चौथो अङ्ग हो । सर्वप्रथम वायू उर्जा, आर्थिक गतिविधि, सामाचार सामग्रीलाई समेटेर समय सूत्र मासिक पत्रिका प्रकाशन हुन लागेको जानकारी पाउँदा मलाई अत्यत्नै खुसी लागेको छ । यस समय सूत्र पत्रिकाले राष्ट्रको वायु उर्जा विकासका साथै राजनीतिक, अर्थ, बैंकिङ्ग, उद्योग, व्यापार, व्यवसाय, कृषि, स्वास्थ्य, शिक्षा, रोजगारका विषयवस्तुलाई प्रस्तुत गरेर प्रकाशन गरी सम्पूर्ण पाठक तथा  उद्योग, व्यापार व्यवसायको माझ पुऱ्याई यस मासिक पत्रिकाले सबैलाई सुसूचित गर्न सक्ने विश्वास लिएको छु । पत्रकारिताको माध्यमबाट आर्थिक क्षेत्रमा कमल चलाई राष्ट्रको समग्र उद्योग तथा अर्थतन्त्रको विकासमा समय सूत्र पत्रिकाले ठूलो भूमिका खेल्ने छ भन्ने पूर्ण विश्वासका साथ प्रकाशनको निरन्तरताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।



कुशकुमार जोशी
पूर्व अध्यक्ष
नेपाल उद्योग वाणिज्य महासंघ

# नेपालमा वायु ऊर्जाको महत्व र आवश्यकता



जलस्रोतमा विश्वकै धनी मुलुक भनेर नेपाललाई चिनिन्छ । जलस्रोतमा यति धनी यति धनी मानिएको देशका नेपाली जनताले लोडसेडिङ मारसँगै गरिवीको सामना गरिरहेका छन् । वर्षाको समयमा नदीमा पानी नअटाएर अन्य छिमेकी मुलुकलाई समेत क्षेति पुऱ्याइरहेको अवस्थामा नेपाल सरकारले पानीको सही सदुपयोग गर्न सकेको छैन । सरकारले विभिन्न नदीनाला जस्तै कोशी, कर्णाली, सेती, मोदी, मर्स्याङ्दी, कालीगण्डी, तामाकोशी, भोटेकोशी, कुलेखानी, चिलिमे, अरूणतेस्रो जस्ता ठूला जलविद्युत आयोजनाहरू त्यसै ओभ्रेलमा परिरहेका छन् । त्यसैगरी लगानीकर्ताहरूले पनि आसातित प्रतिफल लिन पाएका छैनन् । त्यति हुँदाहुँदै पनि जलविद्युत् क्षेत्रमा लगानी गरिरहेको छ । नेपाल जलस्रोतको अपार धनी राष्ट्र भने त्यति नै मात्रामा परिचित छ तर पानीको स्रोतले भ्यान भनेर हाम्रो सरकारले भारतबाट बिजुली किन्ने गरेको छ । हाम्रो देशको पानी चाहिं बेकारमा खेर गएको छ ।

पानीबाट मात्र बिजुली उत्पादन गर्नेतिरभन्दा अन्य विकल्पका क्षेत्रह त्यसबाट कति भ्रष्टाचार गर्न सकिन्छ भनेर सोच्न थाल्दछन् । त्यसमा निजी क्षेत्रले लगानी गर्नुपर्ने देखिन्छ । त्यसका लागि सबै क्षेत्रबाट खोजअनुसन्धानको विषय बन्नु अपरिहार्य छ । हामीलाई सहजै पत्याउन गाह्रो लाग्ला, सबैलाई बुझाउन समय लाग्छ । हावाबाट बिजुली उत्पादन गर्न सकिन्छ भनेर कल्पना गर्न त्यति गाह्रो छैन । नेपालमै सबैभन्दा बढी हावा चल्ने जिल्ला मुस्ताङ 'जोमसोमे बजारमा बाह्र बजे हावा सरर' भन्ने गीत चर्चित गीत नै छ । त्यहाँ त्यसै खेर गइरहेको हावाबाट बिजुली निकाल्न सके एकातिर उपभोक्तालाई सस्तो हुन्छ भने अर्कोतिर उत्पादन गर्न लगानी गर्ने लगानीकर्तालाई पनि सहज, सरल र सस्तो पर्न जान्छ । त्यस्तै दिनैभरि हावा चलिरहने नेपालमा कति ठाउँ छन् कति । ती ठाउँहरूको सहयोग गरेर विजुली उत्पादन गर्न सकिने प्रवल सम्भावना छ । त्योसँगै काठमाडौं उपत्यकाभित्र बिहानदेखि बेलुकासम्म राम्रोसँग हावाको बेग चलिरहेको हुन्छ । त्यो हावालाई सदुपयोग गर्न सकेको खण्डमा हामी अहिलेको जस्तो लोडसेडिङ्गको मारबाट मुक्त हुन सक्छौं । त्यस्तै सहरी क्षेत्रमा मात्र नभएर यो प्रविधिको विकास गर्दै लाने हो भने यसले गाडूस्तरमा त झन् यसले राम्रो सेवा उपलब्ध गराउन सक्छ । यसले सहरमाभन्दा अग्ला पहाडी भेगतिर हावा बढी चल्ने हुनाले त्यो हावाको बेगलाई सदुपयोग गर्न सक्ने हो भने अहिलेको उर्जा संकटमा राम्रो राहत मिल्ने विज्ञहरूको ठम्याई छ । अहिले राजधानको विमानस्थल सुधार आयोजना परिसरमा वायु उर्जाका लागि पंखा राखिएको छ । त्यसको क्षेमता पनि जाँचिरहेका छन् विज्ञहरू ।

नेपालमा महत ग्रीन इनर्जीले पहिलो पटक भर्टिकल एक्सेस विण्ड टर्वाइन भित्र्याएको थियो । यसको लागि सम्भावित ठाउँहरूको अध्ययन भइरहेको कम्पनीका प्रमुख सुनिल कुमार महतको बुझाइ छ । यो प्रविधि नेपालमा भित्र्याउने पहिलो संस्था भनेको महत ग्रिन इनर्जी नै हो । नेपाल सरकारले पनि वायु ऊर्जाको महत्वसम्बन्धी अध्ययन गरेर यस क्षेत्रमा लगानी गर्नुपर्ने महतको जोड छ । मुस्ताङको कागबेनीमा रहेको होरिजेन्टल विनटरमेनल भाँचिएलगत्तै महत ग्रीन इनर्जीले यस विषयमा अध्ययन गरेको थियो । मुस्ताङमा मात्रै ५ सय मेगावाटसम्मको बिजुली उत्पादन गर्न सकिने बताइएको छ । त्यस्तै गरेर अन्य सम्भावित ठाउँहरूको अध्ययन गरी नेपालमा ५ हजार मेगावाटसम्म वायु ऊर्जा उत्पादन गर्न सकिने अध्यक्ष महतको भनाइ छ । यसका लागि कोरियन प्राविधिक जी.सु.किङ्ग र चाइनिज प्राविधिक आनालीलाई झिकाएर अध्ययन गरिएको मतहको भनाइ छ ।

बायु ऊर्जालगायत सोलार, बायोग्याँस, गार्बेज प्लान्ट सम्बन्धी यस कम्पनीले अध्ययन गरेको थियो । सरकारी क्षेत्रबाट सहयोग मिलेमा वायु  उर्जाको नेपालमा धेरै ठूलो सम्भावना देखिन्छ । कोरियन, अमेरिकन र चाइनिज कम्पनीहरूले यस क्षेत्रमा लगानी गर्न खोजिरहेका थिए । सरकारले यस क्षेत्रमा ध्यान दिएको भए अहिले नेपालमा वायु ऊर्जाले छलाङ्ग मार्ने महतको भनाइ छ । वायु  उर्जाको माध्यमबाट बिजुली उत्पादन गर्ने क्षमता राम्रो भएको महत ग्रीन इनर्जीका अध्यक्ष सुनिलकुमार महत बताउँछन् ।



पछिल्लो समयमा उपत्यकाका विभिन्न ठाउँहरूमा यसको सफल परीक्षण आएको उनको भनाइ छ । यसै क्रममा त्रिभुवन विमानस्थलमा एक किलोवाट वायु ऊर्जाको सफल भरीक्षण गरिएको थियो । यसको निम्ति हावा चल्ने खुला ठाउँमा म्याग्नेटिभ लेमिटेसन प्रविधिको गोलाकार वायु पङ्खा राखिन्छ । हावाको बेग दुई मिटर प्रतिसेकेन्ड भए पंखा राम्रोसँग चलाउन सकिने छ । विमानस्थल सुधार आयोजना परिसरमा हावाको बेग सरदर तीन मिटर प्रतिसेकेन्ड मापन गरिएको छ । विमानस्थलमा राखिएका वायु पङ्खाबाट कार्यालयका पाँच कम्युटिर सजिलै चलाउन पुगेको छ । त्यस्तै कालिमाटीको काठमाडौं इन्जिनियरिङ कलेजमा २ किलोवाट, लाकुरी भञ्ज्याङ्गको कन्ट्री किचन रिसोर्टमा साढे १ किलोवाट र खुलमटारको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा १ किलोवाट वायु ऊर्जा निकालिने भनिएको थियो । यहाँका अग्ला भवनहरूमा वायु पङ्खा राख्ने हो भने ऊर्जा संकट केही मात्रामा समाधान हुने देखिन्छ । केही वर्ष अगाडि अमेरिकी कम्पनी थ्री.टी.आर. को १३ वर्ष अगाडिको अध्ययनले काठमाडौं उपत्यका वरपर २० मेगावाट वायु ऊर्जाको सम्भावना रहेको बताइएको छ । सरकारले सबै अग्ला भवनमा वायु पखा राख्ने व्यवस्था गरे ३० प्रतिशत  उर्जा तत्काल आपूर्ति गर्न सकिने भनाइ छ । यसको राम्रो उदाहरण भने काठमाडौं इन्जिनियरिङ कलेज र कन्ट्री किचन हुन् । यस्तो प्रविधि स्वदेशमा नै निर्माण गर्न सकिने भए पनि सरकारले चासो नदिएको उनको गुनासो छ । थ्री.टी.आर.को स्याटेलाइट वायु म्यापिङ्ग र स्थलगत अध्ययनले वायु उपत्यकामा  उर्जाको सम्भावना धेरै मात्रामा देखाएको थियो ।



अध्ययन अनुसार गोदावरी, पाखेल, भीमढुङ्गा र नागढुङ्गामा हावाको बेग उच्च गतिमा छ । त्यस्तै गरेर वरिपरि पहाड र बीचमा बतास चल्ने खाल्डो भएकाले यी क्षेत्रमा टर्वाइन राख्न सकिन्छ । कुलेखानी भीमफेदी, लाकुरी भञ्ज्याङ नागार्जुन, नगरकोट, गुन्डु, कुसापानी, माल्टा, चापागाऊँ, फूलचोकी आदि ठाउँहरूमा वायु ऊर्जाको राम्रो सम्भावना रहेको एक अध्ययनले देखाएको छ । वायु  ऊर्जामा अनुसन्धान भइरहेको महत ग्रीन इनर्जीबीच पनि सहमति गरी सरकारले पनि यस क्षेत्रमा सहयोग गर्ने हो भने वास्तवमा नेपालमा वायु ऊर्जाको राम्रो सम्भावना रहेको देखिन्छ । अर्विन ग्रीन इनर्जी अमेरिका, इलेक्ट्रोनिक कोरिया, स्यानी इलेक्ट्रोनिक, चिन्दो बोफिनलगायतका चारवटा चाइनिज भर्टिकल वीनटर्वाइन कम्पनी, हाइब्रिड सोलार र भर्टिकल हाइड्रो पार्टस्का सोल्डडिष्ट्रिव्युटर्स रहेको महत ग्रीन इनर्जीले तत्कालीन ऊर्जा मन्त्री डा. प्रकाशशरण महतको पहलमा स्यानी इलेक्ट्रोनिक्स् कम्पनीमार्फत् चाइना सरकारसँग ६ मेगावाटको वीनटर्वाइन नेपाललाई अनुदानको लागि प्रोशेस चालिएकोमा

तत्कालीन प्रधानमन्त्री माधवकुमार माधवकुमार नेपालको राजीनामासँगै सो प्रोसेस रोकिएको अध्यक्ष सुनिलकुमार महतले बताएका थिए । ` वायु उर्जाको क्षेत्रमा हामीले जति अध्ययन अनुसन्धान गरिरहेका छौं, त्यसमा अलिकति सरकारको सहयोग हुने हो भने धेरै नेपालीहरले लोडसेडिङ्गको मार खेप्नु पर्ने थिएन र बिजुली नपुगेका क्षेत्रका जनताहर पनि उज्यालोमा बस्न पाउने थिए', महतको दावी छ ।

अहिले पनि यो या त्यो नाममा नेपाली जनताले दैनिक जसो विद्युत्‌को मार खेपिरहेका छन् । यदि प्रत्येक नेपालीको घरमा अध्ययन अनुसार गोदावरी, पाखेल, भीमढुङ्गा र नागढुङ्गाजस्ता ठाउँमा हावाको बेग उच्च गतिमा छ । त्यस्तै गरेर वरिपरिका पहाड र बीचमा उच्च गतिमा हावा चल्ने खाल्डो भएकाले यी क्षेत्रमा टर्वाइन राख्न उचित हुने अध्ययनले उल्लेख गरेको छ । कुलेखानी, भीमफेदी, लाकुरी भञ्ज्याङ नागार्जुन, नगरकोट, गुन्डु, कुसापानी, माल्टा, चापागाऊँ, फूलचोकी आदि ठाउँहरूमा पनि वायु ऊर्जाको लागि राम्रो सम्भावना रहेको एक अध्ययनले देखाएको छ । वायु ऊर्जामा अनुसन्धान गरिरहेको महत ग्रीन इनर्जीबीच पनि सहमति गरी सरकारले पनि यस क्षेत्रमा सहयोग गर्ने बत्ति बाल्ने हो भने नेपालमा १८ सय मेगावाट विद्युतको आवश्यकता पर्दछ । हाल त्यसको पचास प्रतिशत पनि उत्पादन छैन ।

विद्युत उत्पादन गृहले वर्षा याममा झण्डै ७ सय ५० मेगावाट बिजुली उत्पादन गर्न सक्छन् भन् हिउँदमा त्यो घटेर आधाभन्दा पनि कम उत्पादन हुन्छ । अर्थात् हाम्रो विद्युत उत्पादन नदीमा पानीको बहाबमा भरपर्दछ । नयाँ नयाँ विद्युत् उत्पादन केन्द्रको निर्माण गरेर धेरैभन्दा धेरै विद्युत् उत्पादन त गर्न सकिन्छ तर अविछिन्न रूपमा एउटै दरमा विद्युत् उत्पादन गर्ने सोच हुन्छ अनि मात्र बहावमा भरपर्ने हाम्रो विद्युत् उत्पादनको कमजोर पक्ष देखापर्दछ । त्यसैले पनि अविछिन्न रूपमा एउटै दरमा सहजै उत्पादन गर्न सकिने उर्जाका विषय हाम्रा लागि महत्वपूर्ण छ। परम्परागत रूपमा कोइलाबाट निकालिने उर्जालाई छोडेर अहिलेको आएर उर्जा उत्पाखनको मुख्य स्रोत आणविक भट्टी केन्द्रबाट उत्पादन गरिने उर्जा नै हो।केही ठूला विकासशील देशहरूमा विद्युत् उत्पादन गर्न चाहिने उर्जा आणविक भट्टीबाटै निकालिन्छ । आणविक भट्टीबाट उर्जाको उत्पादन सम्भव भए पनि यसका आफ्नै अप्ठ्यारा छन् । निजी क्षेत्रले उत्पादन गरिहाले पनि खोजिम त्यत्तिकै छ । त्यसैले पनि यो तरिकाभन्दा फरकस तरिकाबाट उर्जा उत्पाखनको खोजी बाहिरी राष्ट्रहरूमा भइरहेको पाइन्छ । त्यसकारण नेपालमा पनि सरकारी निकाय तथा प्राइभेट क्षेत्रको सहजतालाई ध्यानमा राख्दै दुवै पक्षको सहयोग र सम्झौतामा वैकल्पिक उर्जाको खोजी गर्नु जरूरी भइसकेको छ । किन कि हामीलाई पलपलमा बिजुलीको आवश्यकता पर्ने भइसकेको छ । अहिलेको प्रविधिका कारण पनि यसको अनुपस्थितिमा जीवन नचल्ने भइसकेको छ ।

# नेपालको ऊर्जा क्षेत्रमा नर्बे सरकारको २ अर्ब ३४ करोड सहयोग

नर्बेले नेपालको राष्ट्रिय ग्रामीण तथा बैकल्पिक ऊर्जा कार्यक्रमका लागि २ अर्ब



४३ करोड रूपैयाँ सहयोग गर्ने भनेको थियो । त्यससम्बन्धी सम्झौतामा तत्कालीन अर्थसचिव कृष्णहरि बाँस्कोटा र नेपालका लागि तत्कालीन राजदूत अल्फ अर्ने राम्सिलनबीच द्वीपक्षीय हस्तार भएको थियो । सहयोगको लक्ष्य बैकल्पिक ऊर्जा प्रवर्द्धन गरी ग्रामीण क्षेत्रका वासिन्दाको जीवनस्तर उकास्न, रोजगारी, उत्पादकत्व बढाउन र परमपरागत ऊर्जामाथिको परनिर्भता हटाउन केन्द्रित रहेको अर्थमन्त्रालयको विज्ञप्तिमा उल्लेख छ । त्यस्तै वैकल्पिक उर्जाका माध्यमबाट ग्रामीण समुदायको आर्थि कर सामाजिक सहयोग तथा गतिविधि बढाई दीगो विकासमा सहयोग पुऱ्याउने लक्ष्य मिलएको पनि विज्ञप्तिमा उल्लेख गरिएको थियो । नर्बेले दोस्रो चरणको ऊर्जाक्षेत्र सहयोग कार्यक्रम (इसप २) बाट उक्त रकम सहयोग गर्ने भएको थियो । इसप २ डेनमार्क, नर्बे, जर्मनी, बेलायती विकास सहयोग नियोग डिफिड, एपेकलगायतका विकास साझेदार राष्ट्रको संयुक्त लगानी भएको 'बास्केट फन्ड' हो । त्यसको रकम १८ करोड ४० लाख अमेरिकी डलर (१६ अर्ब १९ करोड २० लाख नेपाली रूपैयाँ) हुने प्रक्षपण गरिएको थियो । इसप २ त्यसको ५ वर्षसम्म चल्ने बताइएको थियो । इसप १ सन् २००७ देखि सन् २०१२ सम्म सञ्चालित थियो ।

यो कार्यक्रमबाट ५ वर्षमा २५ मेगावाटको लघु जलविद्युत् परियोजना निर्माण गर्ने, ६ लाख घरधुरीमा सोलार जडान गर्ने, ४७ हजार ५ सय थान खाना पकाउने स्टोभ वितरण गर्ने, १३ हजार बायोग्याँस प्लान्ट निर्माण गर्ने, १९ हजारका लागि रोजगारी सिर्जना गर्ने र १३ हजार साना विकासका कामहरू सञ्चालन गर्ने लक्ष्य रहेको तत्कालीन विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयका सचिव कृष्ण ज्ञावलीले उल्लेख गरेका थिए ।



# श्रेष्ठको भेटघाट र दौडको रहस्य के हो ?

काठमाडौं । माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठको भेटघाटले नेपाली राजनीतिक वृत्तमा ठूलै हलचल ल्याएको थियो । तर, श्रेष्ठको त्यो दौडधूपको वास्तविक रहश्य के हो ? भनेर कसैले पत्ता पाएका थिएनन् । श्रेष्ठले गत साउन १९ मा भएको स्थायी कमिटी बैठकमा पार्टी कमजोर भएको तीन कारण बताएका थिए । उनले पार्टीका कार्यकर्ताबीचको दूरी, गृहमन्त्रीको भिजिट भिषा प्रकरण, रअन्तर संघर्ष मूल कारक भएको बताएका थिए । तर यी कारणले राजनीति किन यतिउल्झिएकोछ भन्ने कुरा अझै अस्पष्ट छ ।

अहिले श्रेष्ठले नेकपा एकीकृत समाजवादी, विप्लव नेतृत्वको माओवादी र जनतासमाजवादी नेपालका नेतासँग भेटेर एकता खोजिरहेका छन् । तर एमालेसँगको सम्बन्ध अझै टुंगोमा छैन । श्रेष्ठभन्छन्, "अहिलेको यथास्थितिलाई अन्त्य गर्न वामपन्थी शक्तिले केन्द्र बनाउनु जरूरी छ ।" तर, के त्यस्तो केन्द्र कहिले बन्ने हो ? र यसले राजनीतिक यथास्थितिमा के परिवर्तन ल्याउने हो ? उता अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड)को एकता प्रयास, खनाल र भूसालका विरोधाभास दृष्टिकोण र विप्लवको दूरीले सबैले भेटघाटको उद्देश्यलाई अझै अनिश्चित बनाएको छ । अन्ततः, श्रेष्ठको भेटघाट र दौडधूपले प्रश्नहरू मात्र जन्माइरहेकोछ । यसले के वामपन्थी एकता सम्भव छ ? वा यो केवल छलफलको सिलसिला मात्र हो ? भन्ने सर्वत्र संशय पैदा गरेको छ ।



# पशुपतिनाथ आगलागीको रहस्य .....

काठमाडौं । अज्ञात समूहले पशुपतिनाथमा राति आगो लगाएको थियो । पानीट्यांकी बौद्ध महांकालमा रातैभरि दमकल आयो । मेरो शरीरमा अनौठो संकेत आउन थाल्यो । शरीर थरथर काम्यो । म र बालख छोरी मात्रै थियौँ कोठामा । सुत्नै सकिन । बल्ल पछि उज्यालो हुने बेला निदाएको थिएँ । कैलाशमा महको भार्डौं रहेछ जुन चाँहि बाँदरहरूले सबै खाने र पोख्दै गरेको सबै चिजबिज छरपस्ट पारेको सपना देखेँ ।

त्यो दमकल पशुपतिनाथमा आगो लागेर आएको पनि थाहा थिएन । त्यसपछि म उठ्नै नसकेर अस्वस्थ भएँ । दुईदिनपछि भाइ आयो मैले मेरो स्वास्थ्य अवस्था जानकारी गराएँ । अनि सपनाकोबारेमा भनेँ । अनि उस्ले एक पटक पशुपतिनाथमा जाउँ त्यहाँ दर्शन गरेपछि ठिक हुन्छ भन्यो । अनि पशुपतिनाथ जाँदापो थाहा भयो त्यहाँबाट सबै दस्तावेज जलाएर खत्तम पारेको रहेछ । शरीरशिथिल भयो, आँसु रोकिएन । शरीरले सबै जानकारी पायो । निरिह म रूँदै घर फर्किएँ । अनि भोलिपल्टबाट अलि शरीर स्वस्थ हुँदै गयो । पोहोरको यज्ञले पनि शरीर अस्वस्थ बनायो । यो पटक पनि यस्तैहुँदै छ । जय होस् सम्पूर्णको ।

त्यो दमकल पशुपतिनाथमा आगो लागेर आएको पनि थाहा थिएन । त्यसपछि म उठ्नै नसकेर अस्वस्थ भएँ । दुईदिनपछि भाइ आयो मैले मेरो स्वास्थ्य अवस्था जानकारी गराएँ । अनि सपनाकोबारेमा भनेँ । अनिउस्ले एक पटक पशुपतिनाथमा जाउँ त्यहाँ दर्शन गरेपछि ठिक हुन्छ भन्यो ।

# रास्वपाका पूर्व केन्द्रीय सदस्य थापा अमेरिकाबाट लखेटिए




काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का पूर्वकेन्द्रीय सदस्य मोहन थापा अमेरिकाबाट डिपोर्ट भएर नेपाल फर्किएका छन् । अध्यागमन विभागका एक उच्च अधिकृतका अनुसार, थापालाई केही दिनअघि अमेरिकाबाट काठमाडौं पठाइएको हो । थापालाई गत फागुनमा अमेरिकामा नै पक्राउ गरिएको थियो । स्रोतका अनुसार, उनलाई त्यहाँको कानुनी प्रक्रियाअन्तर्गत हिरासतमा राखेर आवश्यक अनुसन्धानपछि डिपोर्ट गरिको थियो । उनले अमेरिकी कानुन उल्लंघन गरेको ठहर भएपश्चात् अमेरिकी अधिकारीहरूले नेपाल पठाउने निर्णय गरेका थिए । थापा रास्वपामा सक्रिय रहँदै पार्टीको केन्द्रीय सदस्यको जिम्मेवारी सम्हालेका थिए । तर पक्राउ परेपछि रास्वपाले उनलाई तत्काल प्रभावबाट पार्टीको पद तथा जिम्मेवारीबाट मुक्त गरेको थियो । पार्टीका एक नेताले भने, "थापा पक्राउ परेको जानकारी पाएपछि नै उहाँलाई कुनै पनि प्रकारको संगठनात्मक भूमिकाबाट हटाइएको हो ।" अमेरिकाबाट फर्काइएपछि थापाले यसबारेमा सार्वजनिक रूपमा कुनै टिप्पणी गरेका छैनन् । उनी हाल काठमाडौंमा रहेको बुझिएकोछ । विश्लेषकहरूले यस घटनालाई रास्वपाको छविमा असर पर्ने एउटा उदाहरणको रूपमा लिएका छन् । नयाँपार्टीको रूपमा जनताको ध्यान तानेको रास्वपाले यस्ता विवादले आफ्नो संगठनात्मक छवि व्यवस्थापनमा चुनौती पाउने सम्भावना रहेको राजनीतिक विश्लेषण गरिएको छ ।

# पाँच महिनादेखि सुनसान गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, निजी क्षेत्र आन्तोलित

भैरहवा । उच्च अपेक्षासहित सञ्चालनमा आएको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल विगत ५ महिनादेखि अन्तर्राष्ट्रिय उडानविहीन बनेको छ । २०७९ जेठ २ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालेउद्घाटन गरेको विमानस्थलबाट सन् २०२५अप्रिलयता नियमित अन्तर्राष्ट्रिय उडान भएको छैन ।

शुरूआती समयमा जजिरा, फ्लाईदुबई, थाइएयर एशिया, कतार एयरवेज र नेपाल एयरलाइन्सले उडान गर्दा विमानस्थलमा निकै चहलपहल थियो । तर, मौसमी उडान रोकिएपछि होटल, रेस्टुरेन्ट, यातायातसहित पर्यटन क्षेत्रमा गरिएको करिब ८० अर्बको लगानी जोखिममा परेको छ ।

व्यावसायीहरूका अनुसार अन्तर्राष्ट्रिय उडान नहुँदा रोजगारी, आम्दानी र पर्यटन सम्भावना सबै ठप्प भएका छन् । लुम्बिनी घुमघाममा आउने पर्यटकलाई काठमाडौं वा भारतहुँदै घुम्नु पर्ने बाध्यता छ । जसले समय र लागत दुबै बढाएको छ ।

निजी क्षेत्रले बारम्बार सरकार, नागरिक उड्डयन प्राधिकरण र सरोकारवालालाई आग्रह गरे तापनि भिषा, श्रमस्वीकृति, मेडिकल परीक्षण जस्ता आवश्यक सेवा भैरहवामा उपलब्ध गराउन ढिलाइहुँदै आएको छ । यसैबीच, विमानस्थल नियमित सञ्चालनका लागि संघर्ष समिति गठन गरिएको छ । सिद्धार्थनगर नगरपालिकाका प्रमुख इश्तियाक अहमद खाँको संयोजकत्वमा बनेको सो समितिले एक साताभित्र समस्या समाधानका खाका र आन्दोलनको कार्यक्रम तय गर्ने जनाएको छ ।

निजी क्षेत्रका अगुवाहरूले अब निर्णायक आन्दोलनको तयारी गरिरहेको चेतावनी दिएका छन् । उनीहरूका अनुसार, विमानस्थल नचल्दा यो क्षेत्रको पर्यटन मात्र होइन, सम्पूर्ण स्थानीय अर्थतन्त्र चौपट भएको छ । यो भर्सनमा समाचारको मुख्य तथ्य, असर र आगामी कदमलाई प्राथमिकता दिइएको छ । यसतर्फ सम्बन्धित निकायको ध्यान जरूरी रहेको सम्पूर्ण व्यवसायीको ठम्याई छ ।

# "के रवि लामिछाने दोस्रो मदन भण्डारीकै रूपमा उदाउँदै छन् त !"

काठमाडौं । बुटवल सुप्रिम सहकारी ठगी प्रकरणमा पुर्पक्षका लागि कारागारमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको थुनामुक्त हुने प्रयास असफल भएकोछ । रूपन्देही जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद सापकोटाको इजलासले लामिछानेको रिहाइमा गर्न अस्वीकार गर्दै उनलाई थुनामैराख्ने आदेश दिएको हो । लामिछानेले आफ्नो भागको ठगी रकम बराबरको २ करोड ७४ लाख ८४ हजार रूपैयाँ बैंकमा जमानत राखेर छुट्न निवेदन दिएका थिए । यसअघि २०८१ चैत २२ गते उच्च अदालत बुटवल इजलासले थुनामा राख्ने आदेश दिएको थियो । जसलाई सर्वोच्च अदालतले पनि सदर गरिसकेको छ । लामिछाने त्यसयता भैरहवा कारागारमा थिए । साउन १९ मा पेशगरिएको रिहाइको निवेदनमा केही दिनपछि सुनुवाइ भएको थियो ।



## राजनीतिक बहस र आरोप

राजनीतिक बहस र आरोप प्रत्यारोप घटनालाई लिएर विभिन्न अड्कलबाजी भएका छन् । कतिपयले लामिछानेको अनुपस्थितिमा रास्वपा कमजोर बनाउने योजना भएको आशंका व्यक्त गरेका छन् । कतिपयको "रवि नभए पार्टी चल्छ त भन्नुमा कसको खेल छ ?" भन्ने प्रश्न पनि उठाइएकोछ । सामाजिक सञ्जालमा केहीले लामिछानेविरूद्ध नियोजित प्रचारभइरहेको दाबी गरेका छन् । कतिपय टिप्पणीहरूमा २०८४ को आमनिर्वाचनलाई ध्यानमा राखी 'रविलाई हटाउने र सहानुभूति भोट बटुल्ने रणनीति' भएको आरोप समेत छ । रास्वपाका केही कार्यकर्ताले लामिछानेको पक्षमा हस्ताक्षर अभियान चलाएर भोट बैंकमा मजबुत बनाउने प्रयास गर्दै चुनावी खर्च जुटाउने गतिविधि भइरहेको बताएका छन् । यसैबीच, पार्टीका केही नेताहरूले 'नेपालबाट भारतसम्मका' समर्थन अभियान'को चर्चा गरेका छन् । तर, यीसबै दाबी र आरोपबारे आधिकारिक पुष्टि भएको छैन । (एनबी क्षेत्रीबाट)



# सफल व्यवसायी ढकाल केवलकारसँगै पर्यटन प्रवर्द्धनमा सक्रिय



काठमाडौं । उद्योग वाणिज्य महासंघका अध्यक्ष तथा सफल व्यवसायी चन्द्रप्रसाद ढकाल पछिल्लो समय तीव्र गतिमा व्यवसाय विस्तार गर्न लागिपरेका छन् । ढकालले छोटो समयमा आफूले हात हालेका धेरैखाले व्यवसायमा सफलता प्राप्त गरेका छन् । ट्राभल एजेन्सी, रेमिट्यान्स, बैंक/वित्तिय क्षेत्र, इन्स्योरेन्सहुँदै पछिल्लो समय नेपालको सम्भावनालाई मध्यनजर गरी पर्यटकीय गन्तव्यको निर्माणमा लागिपरेका छन् । पर्यटन क्षेत्रसँग उनको लगाभ भने धेरै अघिको हो । उनलाई सर्वसाधारणका घर-घरमा चिनाउने आइएमईभन्दा पनि पहिलाको । उनले व्यावसायिक जीवनको यात्रा ट्राभल एजेन्सीबाट सुरू गरेका थिए त्यो अहिले पनि सञ्चालनमा छ ।

ढकालको पर्यटन गन्तव्यको यात्रा भने चन्द्रागिरी हिल्स केवल कारबाट सुरू भयो । चन्द्रागिरीलाई ढकालले काठमाडौंमा घुम्न जाने पर्ने पर्यटकीय गन्तव्यका रूपमा स्थापित गरेका छन् । केबलकार भनेर चिन्ने गरे पनि यो एउटा पर्यटकीय गन्तव्यको नमुना हो । नेपालमा निजी क्षेत्रले पर्यटन गन्तव्य बनाउन खासै लगानी गरेको छैन । प्रकृतिले दिएको हिम शृंखला, ताल, नदी, डाँडापाखा, पहाड, हरियाली, दृश्यावलोक स्थल, चराचुरूङ्गी तथा वन्यजन्तुबाहेक लगानी तथा सिर्जनशीलताबाट स्थापित भएका वा 'भ्यालु एड' भएका त्यस्ता पर्यटकीय आकर्षणका गन्तव्यको नेपालमा खडेरी छ । सबैलाई एकै ठाउँमा आकर्षिक गर्नका लागि त्यस्ता गन्तव्यको विकास गर्न ढकालले खोजेका छन् ।

राजधानी काठमाडौंको नजिक भएर पनि ओफेलमा परेको चन्द्रागिरीमा भने केबलकारले नै मानिसलाई तान्न थालेको छ । मोफसलबाट पहिलो पटक काठमाडौं आएका र काठमाडौंमै बसेर पनि घुम्न जाने मौका नपाएकाहरूलाई एउटा रमाइलो गन्तव्य चन्द्रागिरी केवलकार बनेको छ । नेपाली मात्रै होइन 'अहिले सबै विदेशी भिभिआइपीलाई चन्द्रागिरी घुम्न रमाउने जाने वातावरण मिलेको छ । अन्तर र्ष्ट्रिय इभेन्टहरू पनि उपलब्ध हुने क्रम जारी छ । काठमाडौं आउने हरेक नेपालीले चन्द्रागिरी जाने योजना बनाउँछन् नै त्यसको अलावा विदेशीहरू पनि घुइँचो लाग्न थालेका छन् । चन्द्रागिरीको सफलासँगै ढकालले विभिन्न ठाउँमा यस्ता परियोजना निर्माण गर्ने योजना बनाएका छन् । ढकाल देशका सातै प्रदेशमा केबलकारसहितका गन्तव्य निर्माण गरी पर्यटन प्रवर्द्धन गर्ने अभियानमा रहेका छन् ।

चन्द्रागिरि केबलकार, मौलाकाली केबलकार, लुम्बिनी केबलकार र पाथीभरा देवी दर्शन केवलकार ढकालको अध्यक्षतामा सञ्चालित आईएमई ग्रुपको लगानी चलिरहेको छ । त्यो अभियानसँगै गैंडाकोट, पोखराको सिकलेस, बुटवल, प्युठानको स्वर्गद्वारी र कर्णाली चिसापानीको राजडाँडामा केबलकारसहितको गन्तव्य बनाउने योजनासहित देशका सातै प्रदेशमा केवलकार बनाउने अभियानमा ढकाल जुटेका छन् । यसरी बन्ने प्रत्येक गन्तव्यमा चन्द्रागिरीका जस्तै पूर्वाधार अन्य केवलकार स्थलमा हुने बताइएको छ । केबलकार, होटल, रेष्टुरा, हल तथा अन्य मनोरञ्जन हुने गतिविधि हुने छन् । योजनाको प्रकृति चन्द्रागिरीजस्तै भए तापनि यसमा लगानीको मोडालिटी भने फरक हुने छ । यी परियोजनाको विकास गर्न स्थानीय साझेदार पनि इच्छाशक्ति भएको हुनुपर्ने छ ।

काठमाडौं बाहिर बनाइने प्रत्येकको परियोजनामा एक अर्बमाथि लगानी भएको छ । ठाउँ तथा आवश्यकता हेरी कम-बेसी हुन सक्छ । नयाँ पर्यटकीय गन्तव्य स्थापना गर्ने योजनाले तत्काल प्रतिफल नदिने र यस्ता

योजना दीर्घकालीन प्रकृतिका हुने विश्वास गरिएको छ । केवलकारले केवल मनोरञ्जन र सुविधा मात्रै उपलब्ध गराउने होइन । यसले विभिन्न पर्यटकीय गन्तव्य र भगवानको दर्शन गर्न चाहने तर हिँडेर जान सम्भव नभएका जेष्ठ नागरिक, सशक्त र अपाङ्गता भएकाहरूलाई सहजता प्रदान गर्ने यातायातको साधन पनि हो। यसले स्वदेशी तथा विदेशी पर्यटकहरूलाई सुविधा दिने काम पनि गरेको छ । केवल कारले समयको बचतसँगै प्राकृतिक सौन्दर्यलाई पनि यथावत कायम राख्ने भएकाले अझ उपयोगी भएको छ । उता पाथीभरा केवलकारले पाथीभरा देवीको दर्शन गर्न चाहने तर हिँडेर जान नसक्नेहरूको लागि बरदान सावित भएको छ । त्यसले गर्दा पाथीभरा माताको दर्शन गर्ने तीर्थयात्रुहरू आकर्षित हुने देखिन्छ । केवलकार बन्दैमा हिँडेर जान चाहनेहरूलाई बन्देज हुने भन्ने छैन । तर, हिँडेर जान नसक्ने र उकालो हिँड्न नरूचाउनेहरूको लागि पाथीभरा केवलकार धेरै नै उपयोगी भएको छ ।



उसो त ढकाललाई व्यवसायीका रूपमा कुनै परिचयको खाँचो छैन । पछिल्ला २० वर्षमा उनले द्रुतगतिमा सफल व्यवसायीको उपाधि हासिल गरेका छन् । रेमिट्यान्सको एजेन्सीबाट सुरू भएको ढकालको व्यावसायिक साम्राज्य आज वित्तीय क्षेत्रका हरेक पाटोमा फैलिएको छ। रेमिट्यान्सहुँदै फाइनान्स कम्पनी, त्यसबाट वाणिज्य बैंक, बीमा कम्पनीहुँदै अन्य विविध क्षेत्रमा उनको व्यवसाय विस्तार भएको छ । पारिवारिक रूपमा व्यावसायिक विरासत नभएका ढकाल आफ्नै प्रयास, लगाव र निरन्तरताले आज यो सफलताको शिखर चुम्न पुगेका छन्। त्योसँगै ढकालको व्यवसाय वित्तीय संस्थामा आइएमई 'पे' डिजिटल वालेटसमेतमा फैलिएको छ । वित्तीय क्षेत्रमा छिट्टै सफलता हात पारेका ढकालले जागिरे यात्रा पनि वित्तीय संस्थाबाटै थालेका थिए। तर, व्यवसायिक भने कार्गो व्यवसायबाट थालेका हुन् ।

२०४५ सालमा राष्ट्रिय वाणिज्य बैंकमा जागिर खाएका ढकालले त्यसबाट बनेको सम्बन्धलाई व्यवसायिक यात्रा खर्चिए । त्यतिबेला सीमित बैंक थिए। त्यस्तोमा नेपालमा कार्पेट तथा गार्मेन्ट उद्योग फस्टाएको थियो । विदेशमा धेरै निर्यात हुन्थ्यो। त्यस्ता व्यवसायीहरू बैंकमा आउजाउ गर्ने नै भए । त्यसरी आउँदा जाँदा उनीहरूसँग ढकालको सम्बन्ध भयो। जागिर सुरू भएको ३ वर्षमै उनले कार्गो अफिस खोले । त्यति बेलाको सम्बन्धले ढकालको सोचमा परिवर्तन ल्यायो । त्यसपछि उनले कार्गोको अफिस खोले । कार्गो खोलेसँगै ट्राभल एजेन्सी, कोल्ड स्टोरलगायतका व्यापार व्यवासाय थाले । तर उनको मुख्य व्यवसाय भने कार्गो नै थियो । आयात-निर्यातको काम गर्ने, ट्राभल एजेन्सी तथा मनी एक्सचेन्जको काम गर्ने सहयोगी व्यापार पनि गरिरहेका ढकालले सन् २००२ मा नेपालमा औपचारिक रूपमा विदेशबाट पैसा पठाउने रेमिट्यान्स कम्पनी आइएमई सञ्चालनमा ल्याए । त्यतिबेला नेपालीहरू वैदेशिक रोजगारीमा बढी नै जान थालेका थिए । वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले घरमा पैसा पठाउँदा बैंकिङ माध्यमबाट पठाउँदा ढिला तथा झन्झट हुने र हुन्डीबाट पठाउँदा ठगिने अवस्थाबाट जानकार ढकालले रेमिट्यान्स कम्पनीप्रति उनीहरू आकर्षित हुने ठाने । त्यसपछि ढकालले आईएमई रेमिट्यान्स कम्पनी खोले। आज त्यो आइएमई रेमिट्यायन्स कम्पनीको पर्यायवाची मात्र होइन स्वंय ढकाकललाई चिनाउने ब्रान्डको रूपमा स्थापित भएको छ। २००२ मा आइएमई रेमिट्यान्स स्थापना गरेका ढकालले व्यावसायिक यात्रामा पछाडि फर्कनुपरेको छैन । २००२ मा आइएमइ स्थापना गरेपछि त्यसले राम्रो बजार लियो। आफैं विस्तार हुँदै पनि गयो । पैसा राख्न र विदेशी मुद्राको सञ्चयका लागि अरूकै वित्तीय संस्थामा निर्भर हुनुपर्ने अवस्था थियो । त्यसको लागि ढकालले आइएमइ फाइनान्स कम्पनी स्थापना गरे । त्यही फाइनान्स कम्पनीलाई विस्तार गर्दै ढकालले वाणिज्य बैंक स्थापना गरे।

आज उनै ढकालद्वारा सञ्चालित वाणिज्य बैंक, जीवन बीमा, निर्जीवन बीमा, रेमिट्यान्स, डिजिटल वालेटजस्ता व्यवसायमा आएएमईको उपस्थिति रहेको छ । त्यो आइएमई यति धेरै लोकप्रिय भयो कि नेपालका आमजनतासँग जोडिने सेवाको रूपमा स्थापित भएको । यसले ढकाललाई आम जनतामाझ सफल व्यवसायीका रूपमा चिनाएको छ। त्यस्तै बैंकबाट उनलाई कर्पोरेट क्षेत्रमा सम्बन्ध विस्तार गाँसिदिएको छ। आज उनै ढकाललाई देशभर व्यावसायिक नेटवर्क बलियो र राम्रो भएको व्यक्तिमा रूपमा लिइन्छ। त्यतिमात्र होइन उनको आमजनतामा जोडिने अर्को व्यवसाय पनि छ– डिसहोम । ढकाल डिसहोमका प्रवर्द्धकमध्येका एक परिचित व्यक्ति हुन् । यी सबै व्यवसायमा ढकालका भाइ हेमराज ढकालको पनि उत्तिकै साथ, सहयोग क्रियाशीलता रहेको छ । पछिल्लो समय केबलकारसहित पर्यटन गन्तव्य निर्माणमा सक्रिय ढकालले कागज कारखानामा पनि लगानी गर्न भ्याएका छन्। नेपालमा रोजगारीको अभाव भइरहेको बेलामा चन्द्र ढकालले निजी क्षेत्रबाट थोरै भएपनि टेवा पुग्ने काम गरेका छन् । ढकालद्वारा सञ्चालित विभिन्न क्षेत्रका कम्पनीहरूबाट प्रत्यक्ष/अप्रत्यक्ष रूपमा हजारौं नेपाली युवाले रोजगारी पाएका छन् ।

# चितवनमा नापी कार्यालय प्रमुखलाई मोसो दली दुई युवक फरार

चितवन । खैरहनी नगरपालिकास्थित नापी कार्यालय प्रमुख शालिग्राम लम्साललाई दुई युवाले कालो मोसो दलेर फरार भएका छन् ।

प्रहरीकाअनुसार, भीडभाडकोबीचमा सेवाग्राहीको रूपमा आएका ती दुई युवकहरूले प्रमुख लम्सालको नजिक पुगेर अचानक अनुहारमा मोसो दली भागेका थिए । घटनापछि चितवनका प्रहरी प्रमुख एसपी गोविन्द पुरीले तत्कालै खोजी अभियान सुरू भएको र तीयुवाहरूको पहिचान भइसकेको बताएका छन् । "दुई जना युवक आएर मोसो नापी कार्यालय प्रमुखको अनुहारमा प्रहार गरेर भागेछन्, उनीहरूलाई पक्राउ तयारी भइरहेको छ," प्रमुख एसपी पुरीले भने ।

हालसम्म यो घटनाको कारणबारे स्पष्ट तथ्य सार्वजनिक भएको छैन । तर, स्थानीय बासिन्दाले लामोसमयदेखि भ्रष्टाचारको आरोपलागिरहेका सरकारी अधिकारीमाथि कडा कारबाहीको माग गर्दै आएका छन् ।

उनीहरूको भनाइछ, "जनतालाई दुःख दिने भ्रष्ट अधिकारीलाई सजाय दिन अब ढिलाइ गर्नुहुँदैन ।" सर्वसाधारणको यो भनाइले के बुझिन्छ भने सरकारी अधिकारीहरूले घुस लिएर सेवाग्राहीलाई अनावश्यक दुःख दिने गरेकै ती नापी प्रमुखमाथि मोसो प्रहार भएको हुनुपर्छ ।


## हार्दिक मंगलमय शुभकामना

देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा विजय दशमी २०८२ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै सुख तथा समृद्धिको कामना गर्दछु ।

**नवराज पराजुली**

वडा अध्यक्ष

काठमाडौं महानगरपालिका वडा नं. ३२

## हार्दिक मंगलमय शुभकामना

देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा विजय दशमी २०८२ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै सुख तथा समृद्धिको कामना गर्दछु ।

**सन्दिप मल्ल ठकुरी**

प्रवन्ध निर्देशक

समय सूत्र मिडिया प्रा.लि.

काठमाडौं

# क्रिप्टो करेन्सी राजा'डोक्वोनले ठगीको दोष स्वीकार गरे




काठमाडौं । दक्षिण कोरियाका पूर्वप्राविधिक कार्यकारी, जसलाई लगानीकर्ताहरूलाई ४० अर्ब डलर (३१.८अर्ब) भन्दा बढी क्षति पुर्‍याएको क्रिप्टो करेन्सी संकट सुरु गर्न सहयोग गरेको आरोप लागेको थियो । उनले दुई आपराधिक ठगीको अभियोगमा दोषी ठहर गरेका छन् । डोक्वोन सिङ्गापुरमा आधारित टेराफर्मल्याब्सका प्रमुख थिए । उनले दुई क्रिप्टो करेन्सी–टेरायुएसडी र लुना-सञ्चालन गर्थ्यो । यी दुवै २०२२ मा पतन भई क्रिप्टो बजारमा ठूलो विक्रीको लहर ल्यायो ।

अमेरिकाले जसलाई यी दुई डिजिटल मुद्राको विफलताका लागि जम्मेवार ठह्र्याउँदै "अबौं डलरको क्रिप्टो एसेटसेक्युरिटी ठगी कारोवार गरेको" आरोप लगाएको थियो । सम्झौताअनुसार, अभियोजन पक्षले १२ वर्षभन्दा लामो सजाय माग नगर्ने सहमति जनाएको छ । क्वोनलाई ११ डिसेम्बरमा सजाय सुनाइनेछ ।"क्वोनको दोषी ठहरले डिजिटल एसेट क्षेत्रमा जवाफदेहिताको महत्वलाई देखाउँछ," अमेरिकी अधिकारी र टेराफर्मल्याब्सद्वारा कम्पनीको मापन हेर्न नियुक्त गरेको डस्नाइडरले भनेका छन् । उनले थपे कि टेराफर्मल्याब्सको पतनमा संलग्नहरूलाई जवाफदेही बनाइने छ र दाबी गर्नेहरूको हितमा सम्पत्ति पुनःप्राप्त गरिने छ ।

न्यूयोर्कको अदालतमा क्वोनको दोषी ठहर लामो कानुनी लडाइँपछि आएको हो । उनी सुरुमा दक्षिण कोरिया फरार भएका थिए । जब २०२३ मा उनको पक्राउ वारेन्ट जारी गरिएको



थियो । अन्ततः उनी मोंटेनेग्रो पुगे, जहाँ उनलाई पक्राउ गरी जेल पठाइयो र पछि अमेरिकामा पठाइयो । अमेरिकी अभियोजकहरूले भनेका छन्, क्वोनले तथाकथित "स्टेबलक्वाइन" बाहिरी हस्तक्षेप बिना नै १ डलरको मूल्यमा कायम रहने विशेषता भएको झूटो दाबी गरेका थिए ।

आरोपअनुसार, २०२१ माक्वोनले एक ट्रेडिङ कम्पनीलाई लुकेर करोडौं डलर बराबरको टोकन किन्न लगाएर टेरायूएसडीको मूल्य पुनःस्थापित गराएका थिए । जब कि उनले लगानीकर्तालाई यो काम टेराप्रोटोकल नामक कम्प्युटर अल्गोरिदमले गरेको बताएका थिए ।

अभियोजन पक्षकाअनुसार, यस किसिमको भ्रामक प्रस्तुतिले धेरैलगानीकर्तालाई टेराफर्मको उत्पादन किन्ने प्रेरणा दियो । जसले टेरायूएसडीसँग नजिकसँग जोडिएको कम्पनी कोलुनाटोकनको मूल्य बढाइ राख्यो । अर्को वर्ष क्वोनको टेरायूएसडी र लुना क्रिप्टो करेन्सी दुवै ध्वस्त भए । "२०२१ मा, मैले टेरायूएसडी किन आफ्नो मूल्यमा फर्कियो भन्नेबारे गलत र भ्रामक बयान दिएँ ।" उनले अदालतमा भने, "मैलेजे गरेँ, त्यो गलत थियो र आफ्नो व्यवहारका लागि माफी चाहन्छु ।"

क्वोनलाई सुरुमा उक्त पतनसँग सम्बन्धित नौवटा अभियोगमा आरोप लगाइएको थियो । जसमा सेक्युरिटी वायरफ्रड, मनीलन्डरिङको सड्यन्त्रमा निर्दोष भएको दाबी गरेका थिए । यदि सुरुको अभियोगमा दोषी ठहर भएमा उनी १३५ वर्षसम्मको जेलस जायको सामना गर्न सक्थे ।

सम्झौताअन्तर्गत क्वोनले अभियोगमा लगाइएका आरोपहरूलाई चुनौती नदिन सहमति जनाएका छन् । उनीले अधिकतम् ४१९.३ मिलियन र त्यसको ब्याज, साथै केही सम्पत्तिहरू फिर्ता गर्नुपर्ने छ र पीडितलाई क्षतिपूर्ति तिर्नुपर्ने छ । यद्यपि अभियोजन पक्षले अधिकतम १२ वर्षको सजाय माग गर्नेस हमति जनाए तापनि न्यायाधीश पा'लइङ्गेल मेयरले अझै लामो सजा यदिन सक्ने अधिकार राखेका छन् ।

उनीलाई अधिकतम २५ वर्षसम्मको जेल सजाय हुनसक्छ । उनका वकिलकाअनुसार, उनी अझै पनि दक्षिण कोरियामा आरोपहरूको सामना गरिरहेका छन् ।

# ग्रेटर ब्रिक्स कसरी ग्लोबल साउथलाई सशक्त बनाउँदैछन् ?




काडमाडौं । १७ औँ ब्रिक्स शिखर सम्मेलनको तयारी क्रममा नयाँविकास बैंक (NDB)ले कोलम्बिया रउ जबेकिस्तानलाई नयाँसदस्यका रूपमा स्वागत गऱ्यो । भियतनामको साझेदारीपछि ग्रेटरब्रिक्सले एसिया, अफ्रिका, ल्याटिन अमेरिका र मध्यपूर्वका प्रमुख अर्थतन्त्रहरू समेट्दै, विश्वको आधा जनसंख्या र ५० प्रतिशतभन्दा बढी आर्थिक वृद्धिमा योगदान पुऱ्याइरहेको छ । चीनका राष्ट्रपति सीचिन फिङ र प्रधानमन्त्री लीक्याङले ब्रिक्सलाई ग्लोबल साउथ एकताको मुख्यमाध्यम र वैश्विक शासन सुधारको अग्रणीशक्ति बनाउन आह्वान गरे । चीनले "ब्रिक्सप्लस" मोडेल, NDB स्थापना, AI एवम् हरित विकासका सहकार्य केन्द्र, तथा सांस्कृतिक र शैक्षिक कार्यक्रममार्फत् ठोस योगदान गरेको छ ।

(CGTN) सर्वेक्षणमा ९० प्रतिशतभन्दा बढीले ब्रिक्समा चीनको नेतृत्वलाई महत्वपूर्ण मानेका छन् । ब्राजिलका राष्ट्रपति लुलाले ब्रिक्सले हाल ४० प्रतिशत विश्व GDP मा योगदान गरिरहेको बताइका छन् । रियोमा, ब्रिक्स राष्ट्रहरूले समावेशी र सन्तुलित वैश्विक शासनको दृष्टिकोण प्रस्तुत गर्दै "रियोडी जेनेरियो घोषणा-पत्र" पारित गरेका छन् । चीनले अन्य सदस्यहरूसँग हातेमालो गर्दै न्यायपूर्ण, समान र प्रभावकारी विश्वनिर्माणमा प्रतिबद्धता जनाएको छ ।

## हार्दिक मंगलमय शुभकामना

देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा विजय दशमी २०८२ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै सुख तथा समृद्धिको कामना गर्दछु ।

**गजेन्द्र महर्जन**
मेयर
गोदावरी नगरपालिका
गोदावरी, ललितपुर

# चीनका बेरोजगार युवाले जागिर नपाएर नाटक गरिरहेका छन्



काठमाडौं । कसैले तलब नपाई काम गर्न चाहँदैनन्, वा अझ खराब-काम गर्न जानको लागि पैसा तिर्नुपर्ने अवस्थामा रहन चाहँदैनन् । तर चीनमा बेरोजगार युवा माझ यस्तो प्रचलन बढ्दैगएको छकि उनीहरूले काम गरिरहेकोझैँ देखाउनका लागि कम्पनीलाई पैस ातिर्नथालेका छन् । यसले यस्तो सेवा प्रदान गर्ने कम्पनीहरूको संख्याबढाएको छ । यो विकास चीनको सुस्त अर्थतन्त्र र रोजगारी बजारको बीचमा आएको हो । चीनमा युवाहरूको बेरोजगारी अझै उच्चछ, १४ प्रतिशत भन्दामाथि पुगिसकेको छ । वास्तविक जागिर पाउन कठिन भएकाले केही युवा घरमै बस्नुभन्दा अफिस जानका लागि पैसा तिर्न रूचाउँछन् ।

३० वर्षीय शुईझोउको २०२४ मा खाद्य व्यवसाय असफल भएको थियो । यस वर्षको अप्रिलमा उनले डोंगगुआन शहरमा (Pretend To Work Company नामक कम्पनीद्वारा सञ्चालन गरिएको नक्कली अफिसमा जान दैनिक ३० युआन (४४.२०; £३.१०) तिर्न थाले । डोंगगुआन, हङकङबाट ११४ किलोमिटर उत्तरमा अवस्थित छ । त्यहाँ उनी पाँचजना "सहकर्मी"सँग सामेल हुन्छन्, जो उस्तै काम गर्दैछन् ।

शुईझोउ भन्छन्, "मधेरै खुशी महसुस गर्छु । हामी समूहको रूपमासँगै काम गरिरहेको जस्तो लाग्छ ।" चीनका ठूला शहरहरू जस्तै शेनझेन, शाङ्घाई, नानजिङ, वुहान, चेङ्दु, रकुन मिङमा पनि यस्ता अफिसहरू देखिन थालेका छन् । प्रायःयिनीहरूपूर्ण रूपमा सञ्चालन हुने अफिस जस्तै देखिन्छन् । कम्प्युटर, इन्टरनेट पहुँच, मिटिङ कोठा, र चिया कोठासहित सुसज्जित छन् । सदस्यहरूले बस्ने मात्रै होइनन्, कम्प्युटरको प्रयोग गरेर रोजगारी खोज्न वा आफ्नै स्टार्ट-अपव्यवसाय सुरू गर्न प्रयास गर्न सक्छन् । कहिले काहीँ दैनिक शुल्क, जुन प्रायः ३० देखि ५० युआन हुन्छ, त्यसमा खाना, खाजा र अरू पेयपदार्थ पनि समावेश हुन्छ । डोंगगुआन शहरमा (Pretend To Work Company) का सहभागीहरू यही सुविधा प्रयोग गर्दै छन् ।

## पाकिस्तानद्वारा भारतीय कूटनीतिज्ञका घरमा ग्याँस आपूर्तिमा रोक

काठमाडौं । पाकिस्तानले इस्लामाबादमा रहेका भारतीय कूटनीतिज्ञहरूको घरमा ग्याँस आपूर्ति बन्द गरेको समाचार प्राप्त भएको छ । त्योसँगै स्थानीय ग्यास सिलिन्ड र आपूर्तिकर्ताहरूलाई पनि भारतीय कूटनीतिज्ञहरूलाई ग्याँसका सिलिन्डर नबेच्न निर्देशन दिइएको छ ।

इन्डिया टुडेको रिपोर्टअनुसार, इस्लामाबादले मिनरलवाटर र अखबारको आपूर्ति पनि बन्द गरेको छ । भारतको अपरेसनपछि पाकिस्तानले बदला स्वरूप उक्त कारबाही गरेको हो । रिपोर्टअनुसार, यो कदम पाकिस्तानको गुप्तचर एजेन्सी आईएसआईको योजनाकोए कहिस्सा हो । प्रतिशोधात्मक कदमका रूपमा भारतले पनि दिल्लीमा रहेका पाकिस्तानी कूटनीतिज्ञहरूलाई अखबार पुर्‍याउन बन्द गरेको भारतीय सञ्चार माध्यमले उल्लेख गरेका छन् ।

# स्विडेन गोली काण्डमा एकजनाको मृत्यु एकजना घाइते

काठमाडौं । स्विडेनको ओरिब्रो (ओरेब्रो) शहरमा मस्जिद नजिकै भएको गोली काण्डमा एकजनाको मृत्यु भएको र अर्का एकजना घाइते भएको प्रहरीले जनाएको छ । प्रहरीले यसलाई आपराधिक गिरोहबीचको दुश्मनीसँग जोडिएको घटना भएको आशंका गरेको छ ।

स्थानीय सञ्चार माध्यमले उद्धृत गरेका र प्रत्यक्षदर्शीका अनुसार नमाजपछि मस्जिदबाट निस्कँदै गरेका व्यक्तिमध्ये कम्तीमा एकलाई गोली हानिएको थियो । प्रहरीकाअनुसार करिब २५ वर्षको एक युवक घाइते भएकाको र अर्का एकको मृत्यु भएको र घाइतेको अवस्था सार्वजनिक गरिएको छैन । घटनापछि ब्यापक प्रहरी परिचालन गरिएको छ । र, गोली चलाउने व्यक्तिलाई खोज्ने प्रयास जारी रहेको छ ।

प्रहरी प्रवक्ता एन्डर्सडाहल म्यानले भने, "हामी हाल अपराधी वा अपराधीहरूलाई सक्रिय रूपमा खोजी गर्दै छौं । प्रत्यक्षदर्शीहरूसँग सोधपुछ भइरहेको छ र प्राविधिक अनुसन्धान अगाडि बढाइएको छ ।" प्रत्यक्षदर्शीका अनुसार नमाजपछि मस्जिदबाट बाहिर निस्कँदै गर्दा अज्ञात व्यक्तिले नजिकै आएर ४/५ राउण्ड



गोली प्रहार गरेका थियो ।

प्रहरीलेप्रारम्भमा 'हत्या प्रयास'को अनुसन्धान थालेकोभए पनिपछि पीडितको मृत्यु भएपछि घटना 'हत्या'मा परिवर्तन गरिएको हो । स्विडेन पछिल्ला वर्षहरूमा आपराधिक गिरोहसँग सम्बन्धित गोलीकाण्ड र विस्फोटका घटनाबाट त्रस्त हुँदै आएको छ । गिरोहहरू लागु औषध, हातहतियार, तस्करी र ठगीमा संलग्न हुनेगरेका छन् ।

सन् २०२२ मा युरोपभरि जनसंख्याको आधारमा हतियार प्रयोग गरी हुने हत्या दरमा स्विडेन तेस्रो स्थानमा परेको थियो । ओरेब्रोयस अघि पनि चर्चामा आएको थियो । यसै वर्ष फेब्रुअरीमा त्यहाँको विद्यालयमा भएको गोली काण्डमा ११ जनाको ज्यान गएको थियो ।


## हार्दिक मंगलमय शुभकामना

देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा विजय दशमी २०८२ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै सुख तथा समृद्धिको कामना गर्दछु ।

**अमृतजङ्ग महत**

**वडा अध्यक्ष**

**वडा नं. १४ ललितपुर महानगरपालिका**

**ललितपुर**

# चीनको न्यून–उचाई अर्थतन्त्रः विश्वव्यापी नवप्रवर्द्धनको नयाँ सीमा रेखा



काठमाडौं । चीनले पछिल्लो दशकमा "न्यून उचाई अर्थतन्त्र"को जग मजबुत बनाउँदै आएको छ । जसमा ड्रोन, फ्लाइङकार, मानवरहित हवाई सवारी र छोटो दुरीको हवाई यातायात समाधानहरूलाई आर्थिक प्रणालीमा समाहित गरेको छ। यो क्षेत्र १,००० मिटरभन्दा तलको हवाई क्षेत्रमा हुने गतिविधिहरूलाई समेट्छ । जसमा मालढुवानी, पर्यटन, आकस्मिक उद्धारदेखि शहरी यातायातसम्म पर्दछन् । सन् २०३० सम्ममा यसको मूल्य १ मिलियन युआनभन्दा बढी पुग्ने अनुमान गरिएको छ ।

म्व्क्षं, भ्ज्बलन जस्ता चिनियाँ कम्पनीहरूले ड्रोनर स्वतःसञ्चालित हवाईसवारी प्रविधिमाअग्रणी भूमिका खेलेका छन् । चीनको खुला र नियमन गरिएको हवाई क्षेत्र नीतिले नवप्रवर्तनका लागि उर्वर वातावरण बनाएको छ । त्यसले अन्तर्राष्ट्रिय सहकार्यलाई पनि प्रोत्साहन गरेको छ । यो प्रविधिले दीगो यातायात, प्रदूषण नियन्त्रण, अन्तिम चरणको डेलिभरि र आकस्मिक उद्धारमा क्रान्ति ल्याउन सक्छ । अन्य देशहरूले चीनको अनुभव, प्रविधि र पूर्वाधारबाट लाभ लिन सक्छन् । समावेशी सहकार्यका माध्यमबाट यो नयाँ अर्थतन्त्रले विश्वव्यापी विकास र समान अवसर सुनिश्चित गर्न सक्छ । चीनले त्यसतर्फ रनवे तयार गरिसकेको छ । प्रविधि र पूर्वाधारबाट लाभ लिन सक्छन् । समावेशीसह कार्यकामाध्यमबाट यो नयाँ अर्थतन्त्रले विश्वव्यापी विकास र समान अवसर सुनिश्चितगर्न सक्छ ।चीनले त्यसको लागि रनवे तयार गरिसकेको छ—अब संसारलेसँगै उडान भर्ने समय आएको छ ।

# भारतविरूद्ध ठूलो भन्सार कदम रोकियो

पुटिनको फोनपछि ट्रम्पको खुलासा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतमाथि भन्सार महसुल बढाउने आफ्नो योजना अन्तिम क्षणमा रोकेको खुलासा गरेकाछन् । उनले योनिर्णय पुटिनको फोनपछि आएको बताएका छन् । ह्वाइटहाउसमा पत्रकारहरूसँग कुरागर्दै ट्रम्पले भनेका थिए, "भारत–रूसको प्रमुख तेल खरिदकर्ता हो । यदि मैलेउनीहरूमाथि ५० प्रतिशत कर लगाएको भए, रूसको कमजोर अर्थतन्त्रलाई ठूलोआघात हुन्थ्यो ।" ट्रम्पकाअनुसार, रूसको आर्थिक अवस्था पहिलेनै कठिनछ, रयस्तो कदमले स्थिति अझ बिग्रने थियो । उनले थपे, "म अझ ठूला कदम चाल्न तयार थिएँ, तर पुटिनको फोन आयो– उनी भेट्न चाहन्छन् । अब म हेर्छु, उनी के प्रस्ताव ल्याउँछन् । म युद्धविराम र दुवै पक्षलाई फाइदा हुने सम्झौता देख्न चाहन्छु ।" युक्रेनयुद्धको विषयमा छलफल गर्न ट्रम्प र पुटिनबीच अगस्ट १५ मा अमेरिकाको अलास्कामा भेट हुने तय भएको छ । तर, आफूलाई सहभागी नगराई गरिने शान्तिवार्ता स्वीकार्य नहुने चेतावनी युक्रेनी राष्ट्रपति भ्लादिमिर ज्वेलेन्स्कीले दिइरहेका छन् । यदि चाहनुहुन्छ भने, म यसलाई थोरै छोटकरीमा शीर्षक अझ दमदार बनाएर पनि दिन सक्छु ।

# नेपाल क्रिकेट:
# सगरमाथा चढ्दै टेस्ट क्रिकेटको सपना

काठमाडौं । नेपाल क्रिकेट संघका सचिव पारश खडकाका अनुसार, 'नेपालका लागि टेस्ट क्रिकेट सगरमाथा चढ्ने जस्तै चुनौतिपूर्ण हो । हामी सबै बाधा पार गरेर एक दिन लर्ड्समाइंग्ल्याण्डसँग खेल्न चाहन्छौं ।'

नेपाल (ICC) को एसोसिएट सदस्य हो र टेस्ट क्रिकेट हाल केवल १२ पूर्णसदस्य राष्ट्रका लागि सीमित छ । पूर्णसदस्य बन्न, नेपालले (ICC) को मापदण्ड पूरा गर्नुपर्छ, जसमा शासन, प्रदर्शन, घरेलु संरचना र पूर्वाधार समावेश छन् । CAN ले घरेलु २० फ्रेन्चाइज ८८ नेपाल प्रिमियर लिग ८८ र बहुदिनीय रेडबल प्रतियोगिता सञ्चालन गर्दै भविष्यमा टेस्ट खेल्ने तयारी गरिरहेको छ । महिला क्रिकेटमा पनि लगानी भएको छ र केही मैदानहरू सुधार गरिएको छ । नेपालले २ २०२६ र र २०२७ को ५०-ओभर विश्वकपमा स्थान बनाउने तयारी गर्दै छ । पछिल्ला प्रदर्शनले उनीहरूको उपनाम ८८ ' कार्डियाककिड्स' ८८ पुष्टि गरेको छ । कप्तान रोहित पौडेलकाअनुसार, "हामी अन्तिमसम्म लड्छौं, कहिले काहीँ कमजोर स्थितिबाट पनि जित फर्काउन सक्छौं ।"




नेपालले २०१६ मा MCC विरूद्ध लर्ड्समा खेल जितेको अनुभव छ । एकदिन टेस्ट क्रिकेटमा इंग्ल्याण्डसँग खेल्नु केवल क्रिकेटको लागि नभई सम्पूर्ण देशको लागि गर्वको क्षणहुने छ । यदि चाहनुहुन्छ भने म यसलाई ८८ समाचार पोर्टलको हेडलाइन र छोटो बुलेट शैलीमा ८८ पनि तयार पार्न सक्छु, जसले मोबाइलमा पढ्न अझ सजिलो हुन्छ ।

## हार्दिक मंगलमय शुभकामना

देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा विजय दशमी २०८२ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै सुख तथा समृद्धिको कामना गर्दछु ।

**मिलन सिल्वाल**


**वडा अध्यक्ष**

**वडा नं. ५ गोदावरी नगरपालिका**

**ललितपुर**

# आर्मान्ड डुप्लान्टिस लेपोलभल्टमा १३ औँ पटक विश्व रेकर्ड तोडे

काठमाडौं । आर्मान्ड डुप्लान्टिसले हंगेरीको ग्रान्ड प्रिक्समा ६.२९ मिटर उचाइ पार गर्दै पुरूष पोलभल्टको विश्व रेकर्ड १३ औँ पटक–र यस वर्ष तेस्रो पटक तोडे । २५ वर्षीय डबल ओलम्पिक र विश्व च्याम्पियन डुप्लान्टिस लेबुडा पेस्टमा आफ्नो पहिलो रेकर्डभन्दा १ सेण्टिमिटर बढी उचाइ पार गर्ने परम्परा जारीराखे ।




उनले जुन मास्टक होम डायमन्ड लिग बैठकमा ६.२८ मिटर उचाइ पार गरेका थिए ।

डुप्लान्टिसले पहिलो पटक विश्वरेकर्ड तोडेका थिए, जुन फ्रान्सका रेना उडलाभिलिनीले ६ वर्षसम्म राखेका थिए, फेब्रुअरी २०२० मा पोल्यान्डमा ६.१७ मिटरउ चाइ पार गर्दै अगाडि बढेका थिए । एथलीटहरूले तोकिएका वर्ल्ड एथलेटिक्स मिटिङहरूमा विश्वरेकर्ड तोडेमा प्रतियोगिता पुरस्कारका अतिरिक्त ४१००,००० (घ७४,०००) सम्मको बोनस पाउँछन् । डुप्लान्टिसले ६.११ मिटरमा पहिलो प्रयास असफल भए । ग्रीसका एथलीटएम्मा नुइलकरालिसले दुई पटक प्रयास असफल भएपछि त्यहाँबाट हटे । त्यसपछि स्विडेनका डुप्लान्टिसले बार बढाएर नयाँ रेकर्डको प्रयास गरे र दोस्रो प्रयासमा अलिकति बार हल्लिए पनि सफल भए । दोस्रो प्रयासमा नयाँ रेकर्ड सेट गरेपछि डुप्लान्टिस सिधै भीडतिर गएर आफ्नो परिवार र पार्टनर डिजायर इङल्याण्डरसँग उत्सव मनाए ।

त्यसपछि डुप्लान्टिस पोल्यान्डमा हुने सिलेसियाडा यमन्ड लिगमा प्रतिस्पर्धा गरेका थिए । जहाँ उनले गत वर्ष पनि विश्व रेकर्ड तोडेका थिए । आगामी महिनामा टोकियोमा प्रतिस्पर्धा गर्दा उनी केवल दोस्रो पुरूष बन्न खोज्ने छन्, जसले लगातार तीन विश्व बाहिरी पोल भल्ट शीर्षक जित्ने पहिलो व्यक्ति हुन् । १९८४ देखि १९९४ सम्म युक्रेनका बुब्काले बाहिरी विश्वरेकर्ड १७ पटक रइनडोर रेकर्ड १८ पटक तोडेका थिए ।

ब्रिटेनकी ओलम्पिक पोलभल्ट पदक विजेता होलीब्राडशोले बीबीसी रेडियोको ५ लाइभ शोमा भनेकी थिइन्, "मेरो सम्झौताअनुसार केही निर्माताहरूले बोनसमा सीमा राखेका छन्, तपाईं वर्षमा केवल दुई पटक मात्र रेकर्डतोड्न सक्नुहुन्छ ।" हरेक प्रतियोगिताले बोनस प्रस्ताव गर्छ, त्यसैले केही प्रतियोगितामा उनले ६.१० मिटर उफ्रिएर विश्वरेकर्ड तोड्ने प्रयास गरेनन् । यसले मलाई लाग्छ कि मिटिङले रेकर्ड तोड्दा कुनै बोनस छैन, त्यसैले उनले प्रयास गरेनन् ।" ब्राडशोले थप्छिन्, "उनी निश्चित रूपमा यस वर्ष फेरि विश्वरेकर्ड तोड्ने छन् । उनी अविश्वसनीय छन् । हामीले उनलाई सीमित गर्न सक्दैनौं, तर मैले भर्खरै देखेअनुसार, ६.३५ मिटर उफ्रिन सम्भव छ ।"


## हार्दिक मंगलमय शुभकामना

देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा विजय दशमी २०८२ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै सुख तथा समृद्धिको कामना गर्दछु ।

**प्रल्हादकुमार महत**

**अधिवक्ता**

**लगनखेल, ल फर्म**

**ललितपुर**

# लिभरपुलले प्यालेस कागुईलाई अनुबन्ध गर्ने बोली बढाउँदै



काठमाडौं । लिभरपुलले यस गर्मीमा क्रिस्टल प्यालेस र इंग्ल्यान्डका सेन्टर ब्याकमार्क गुएहीलाई अनुबन्ध गर्ने उद्देश्यले प्रारम्भिक वार्ता गरेको छ । प्यालेसका कप्तान गुएहीको सम्झौतामा अझै एक वर्ष मात्र बाँकी छ । तर अध्यक्ष स्टिभप्यारिशले यसै हप्ता उनले १२ महिनापछि निःशुल्क रूपमा क्लब छोड्न सक्नेभएकाले बेचिन सक्ने संकेत दिएका छन् ।

बीबीसी स्पोर्टलाई प्राप्त सूचनाअनुसार लिभरपुलले २५ वर्षीय गुएहीलाई गर्मीको ट्रान्सफर विन्डो बन्द हुनु अघि अनुबन्ध गर्ने तयारी गरिरहेको छ । यदि दुवै क्लबबीच सम्झौता भयो भने गुएहीलाई एनफिल्डको प्रस्ताव आफूका लागि उपयुक्त हो भन्ने कुरा मनाउने आवश्यकता पर्न सक्छ । व्यक्तिगत सम्झौतामा वित्तीय पक्ष मात्र नभई, उनले पाउने खेल्ने अवसरको स्तर पनि महत्वपूर्ण हुने छ ।

गुएहीहाल प्यालेसमा नियमित खेलाडी हुन यो वर्ष विश्वकप हुने भएकाले पहिलोरोजाइको खेलमा समय पाउनु उनको लागि अत्यन्तै महत्वपूर्ण हुनेछ । लिभरपुलले १८ वर्षीय पार्मा सेन्टर ब्याक जियोभानी लियोनीलाई पनि अनुबन्ध गर्ने प्रयास गरिरहेको छ ।

इटालीकोयू-१९ अन्तर्राष्ट्रिय खेलाडीलाई गुएहीका प्रतिद्वन्द्वीका रूपमा नभई भविष्यको लागि लगानीका रूपमा देखिएको छ । लियोनीले आफ्नो करियर पाडोभाबाट सुरू गरेका थिए र पार्मामागत गर्मी सामेल हुनुअघि स्याम्पडोरियामा छोटो समय बिताएका थिए । गुएहीले २०२१ मा चेल्सीबाट प्यालेसमा आएपछि १५० भन्दा बढी खेल खेलेका छन् । उनी २०२२ मा आफ्नो पहिलो इंग्ल्यान्ड क्याप जितेर युरो २०२४ को फाइनलमा पुगेको "थ्रीलायन्स" टिमको हिस्सा थिए । गत वर्ष उनलाई न्युकासलले £६ ५ मिलियनसम्मको प्रस्ताव गरेको थियो ।

एफएकप विजेता प्यालेसले अहिलेउनको सम्झौतामा केवल १२ महिना बाँकी भएकाले करि ब£४० मिलियन मागेको विश्वास गरिएको छ, तर लिभरपुल कम रकम तिर्न चाहन्छ । यो गर्मी लिभरपुलले करि ब£२७० मिलियन खर्च गरिसकेको छ । यद्यपि खेलाडी बिक्रीबाट करि ब£१७० मिलियन फिर्ता पाएको छ । न्युकासलले अलेक्ज्यान्डर इसाकका लागि गरिएको £११० मिलियनको प्रस्ताव अस्वीकार गरेको छ । तर, बीबीसी स्पोर्टका स्रोतहरूका अनुसार इसाक अझै एनफिल्ड जान दृढछन् । यदि गुएही र इसाक दुवै अनुबन्ध भए भने लिभरपुलको यस गर्मीको खर्च £४००मिलियन नाघ्ने छ ।

८८ "गुएहीकालागियोलिभर पुलवाकेहीहोइन" विश्लेषण ८८ अन्ततः यो गर्मी गुएहीका लागि विकल्प लिभरपुल मात्र हो । यो क्रिस्टल प्यालेसका लागि आदर्श अवस्था होइन । किन किउ नीहरूले प्रतिस्पर्धात्मक बोलिलाई आशा गरेका थिए । तर, अर्को विकल्प भनेको उनलाई अर्को गर्मी निःशुल्क गुमाउनु हो । जसमा उनी फेरि निःशुल्क रूपमा लिभरपुलमै जान सक्ने सम्भावना छ । प्यालेसले आदर्श रूपमा £४० मिलियन चाहन्छ । तरअन्ततः करिब £३५ मिलियन प्लसएडको युआनको सम्झौता हुन सक्छ । दक्षिण लन्डनको क्लबले आफ्नो कप्तान बेच्ने वार्तामा अनिच्छापूर्वक प्रवेश गरेको छ र सबै योजनाअनुसार भए केही दिनमै सम्झौता हुन सक्ने देखिन्छ ।

अध्यक्ष प्यारिश गुएहीको बिक्री "दाँतकिच्दै" स्वीकृत गर्ने छन् । उनी चाहन्छन्-गुएही रहुन्, नयाँ सम्झौतामा हस्ताक्षर गरून्, तर यसको सम्भावना लगभग शून्य छ । अब प्यालेसको विकल्प भनेको लिभरपुललाई बेच्नु वा अर्को वर्ष निःशुल्क गुमाउनु मात्र हो ।

# शिखा र सूत्र (टुप्पी र जनै)को महत्व-

टाउकोको  जुनठाउंमा टुप्पी राखिन्छ त्यो मस्तिष्कको मुख्य केन्द्रहो। यसै मुनि योगिहरूले कल्पना गरेको सहस्रार चक्र रहेको छ। जस द्वारा शरीर र मनका सम्पूर्ण वृत्तिहरूको नियन्त्रण हुन्छ।यही ब्रह्मरन्द्र पनि रहेकोछ। यो ठाउँ मानिसका मूलभूत शक्ति शक्तिहरू विवेक,दृढता, दूरदर्शिता,प्रेम र संयम शक्तिको पनि केन्द्रहो। कतिपय योग साधकहरू यश केन्द्रलाइ आत्मत्वको वासस्थान मानेर यश चक्रमा ध्यान केन्द्रित गर्दा आत्म तत्वको वोध हुन्छ  भन्ने गर्छन् । आफ्नो कल्याण चाहने व्यक्तिहरूले यति महत्व पूर्ण केन्द्रको सुरक्षा गर्नु र यश  केन्द्रलाइ शक्तशाली वनाउनु नितान्त जरूरी हुन्छ । टुप्पी यश चक्रको वाह्य सुरक्षा कवचहो। कुनै निश्चित रेडियो वा टिभी स्टेसन वाट प्रक्षेपित रेडियो वा टिभीका श्रव्य दृश्यका तरङ्गलाइ एन्टेना मार्फत घरघरमा रहेका रेडियो टिभीले समातेर प्रसारण गरेझैं ब्रह्माण्डको केन्द्रवाट प्रक्षेपण गरिएका ईश्वरीय प्रेरणा वा विविध भाव तरङ्गहरूलाइ विभिन्न योगध्यान चिन्तन मनन निधिध्यासन प्रणव जाप,आदि विभिन्न ध्यान मनन क्रियाहरूका माध्यम वाट मानिसको मस्तिष्कले समात्छ,ग्रहण गर्छ । त्यस ठाउंमा अझ लामा लामा रौहरू वा टुप्पी भए  मस्तिष्कलाइ त्यो कार्य गर्न अझ सजिलो हुन्छ । टुप्पी वा शिखाका माध्यमवाट मस्तिष्कलाइ ईश्वरीय प्रेरणा मनोवल दिव्य आत्मिक शक्तिलाई ग्रहण गर्न सरल हुन्छ भन्ने सूक्ष्म वैज्ञानिक तथ्यकै आधारमा हाम्रा ऋषिमुनीहरूले शिरमा जटा राख्ने गर्नु भएकोहो र टुप्पी तेसैको प्रतीकहो।  अन्तरिक्ष वाट टुप्पी मार्फत प्राप्त हुने सकारात्मक उर्जा स्पन्दन वा तरङ्गहरू तत्कालै त्यहांवाट फर्किएर फेरि वाहिरै नजाउन् भन्ने उद्देश्यले  टुप्पीमा शिखा वाध्नेहो। पौराणिक कथनानुसार शिखाक्षेत्रमा समग्र देवी देवता तथा तीर्थहरूको वास हुने हुनले शरीरको यो स्थान पवित्र मानिन्छ । त्येसैले कुनै शुभ कर्महरू गर्दा न्यास गर्दा वा संकल्प गर्दा शीखालाई छुने गरिन्छ ।



 शरीर विज्ञान  अनुसार शरीर भरि फैलिएका सम्पूर्ण नाडीहरूलाई नियन्त्रण गर्ने  सुषुम्ना नाडीको केन्द्र पनि यही शिखाक्षेत्रनै भएकोले संसारका प्राय:सवै साधना संस्कृतिमा यश क्षेत्रलाइ वुद्धिको केन्द्र मानेर उच्च महत्व दिइएकोछ। त्यसकारण त्यस भागमा टुप्पी राख्नुको अर्थ त्यो भागलाइ सुरक्षा दिनुहो ।

सूत्र (जनै)

जनै के हो?

जनैको खास नाम यज्ञो पवितहो ।  यज्ञोपवीत ज्ञान र पवित्रताको प्रतीकहो। यज्ञोपवीतले व्यक्तिलाइ पवित्र वनाइ राख्न र राम्रो कर्म गर्न प्रेरित गर्छ । यस्तै यसले  ज्ञान र धर्मको मार्गमा चल्न निर्देश गर्दछ ।

यज्ञाख्य:परात्मा य उच्यते यैश्च होतृभि:।  
उपवीतो यतोऽस्येदं तस्माद्यग्यो पवितम् ॥

यज्ञरूपी परमात्मा का लागि भनेर जुन उपवित धारण गरिन्छ त्यहीनै यज्ञोपवीत हो ।

अब यज्ञोपवीत (जनै )वनाउने विधि र अर्थ-

जनै वनाउने प्रत्येक धागाको लम्वाइ आफ्ना चार ओंलामा ९६पटक वेरिन पुग्ने हुनु पर्छ। किन भने चार ओंलाले  मानिसका चार अवस्था जाग्रत,स्वप्न,सुषुप्ति र तुरीयको प्रतिनिधित्व गर्छन् भने९६संख्याले जीवन जगतका २५ तत्व पञ्च महाभूत (पृथिवी,जल,तेज  ,वायु आकाश) दस इन्द्रिय( हात,पाउ,मुख,पायु उपस्थ तथा नाक,कान,आँखा,जिव्रो र छाला) पञ्च तन्मात्रा( शब्द,रूप रस ,गन्ध स्पर्श) यति २० र मन,वुद्धि अहंकार तथा प्रकृति र पुरूष गरि जम्मा यी २५ तत्व ,यस्तै त्रिगुण (सत्व,रज र तम) तिथि १५ वार ७ नक्षत्र २७, वेद ४, तीन काल (प्रात दिवा तथा सायं) र १२महिना समेत जोड्दा जम्मा ९६ यो लम्वाइ यौटामानिसको उंचाइ वरावर हुन्छ।९६/९६ अंगुलका ३टुक्रा धागालाइ एकै ठाउंमा मिलाइ तेसलाइ तेव्वर पारेर यौटा सरो वनाइन्छ । यी तीन वटा सराले सत्व रज तम यी तीन गुणको वोध गराउंछ  जस वाट सम्पूर्ण चराचर जगतको निर्माण भएकोछ।तेसलाइ फेरि तेव्वर पारेर  अर्को सरा वनाइन्छ । यी ३संख्याले ऋण त्रय देवऋण,ऋषिऋण र पितृऋण तिर्न पर्ने हुन्छ भन्ने जनाउछ । तिनलाइ ब्रह्मा,विष्णु र महेश्वरको प्रतीक मानिन्छ । यसरी ३×३=९ गरि प्रत्येक सरामा नौ वटा धागा हुन्छन् । यी नौ धागामा निम्न लिखित नौ देवताहरू र धर्मका ९गुणहरूको प्रतिष्ठा गरिन्छ ।

ॐ कार:प्रथमे तन्तौ द्वितीयेऽग्नि तथैव च ।  
तृतीये नाग दैवत्यं चतुर्थे सोम देवता ॥  
पञ्चमे पितृदैवत्यं षष्टे चैव प्रजापति:।  
सप्तमे मरूतश्चैव अष्टमे सूर्य एव च ।  
सर्वे देवनस्तु नवमे इत्येता स्तन्तुदेवता ॥

अर्थात्  पहिलो सरामा  ॐकार ब्रह्म दोश्रोमा अग्नि ,तेश्रोमा नाग, चौथोम सोम (चन्द्रमा) पांचौंमा पितृ, छैटौंमा प्रजापति,सप्तममा वायु, आठौंमा सूर्य तथा नवौंमा सर्वदेवताको निवास हुन्छ ।

त्यसै गरी उपर्युक्त नौ तन्तुमा धैर्य, क्षमाशीलता, इन्द्रिय संयम, अस्तेय(चोरी नगर्नु) पवित्रता,वुद्धिमता, विद्या ,सत्यता र अक्रोध यी नौ गुणहरूको पनि आह्वन गरिन्छ। तिनै नौ धागा वाट वनेका प्रत्येक तीन सरालाइ विशेष गांठो( शिखा)पारेर जोडिन्छ जसललाई ब्रह्मग्रन्थि भनिन्छ। यसरी यौटा तीन सरे जनै तयार हुन्छ ।यसरी तयार गरिएको जनैलाइ वैदिक मन्त्रहरू द्वारा विशेष किसिमले अभिमन्त्रित गरिएको जनैमा अन्य दैवी शक्ति पनि समाविष्ट शुन्छ जसले लगाउनेलाई आयु तेज वल प्रदान गर्छ जसको संकेत जनैलगाउंदा पढिने मन्त्रमा गरिएकोछ ।

ॐयज्ञोपवीतं परमं पवित्रं प्रजापतेर्यत्सहजं पुरस्तात् ।  
आयुष्यम्यं प्रतिमुञ्च शुभ्रं यज्ञोपवीतं वलमस्तुतेज:॥  
ॐ यज्ञोपवीतमसि यज्ञस्यत्वा यज्ञोपविनोपनह्यामि ।

अर्थात्  सृष्टिकर्ता ब्रह्माजी संगै उत्पन्न अत्यन्त पवित्र ज्ञोपवितले आयु तेज वल प्रदान गर्नेछ।यसैका निमित्त निर्मित हे ब्रह्मसूत्र (ज्ञानको धागो)म तिमिलाइ धारण गर्दछु भनी नयां यज्ञोपवीत धारण गरेर जीर्ण यज्ञोपवीत लाइ शुद्ध स्थानमा विसर्जन गर्नु पर्छ।मन्त्र-

एतावद्दिन पर्यन्तंब्रह्मत्वं धारितं मया ।  
जीर्णत्वात् त्वत्परित्याग:गच्छ सूत्र यथासुखम् ॥

अर्थात् हे यज्ञसूत्र? आज सम्म ब्रह्मशक्तिमानेर  तिमिलाइ धारण गरेको थिएं अब तिमी जीर्ण भयौ त्यसैले  तिमीलाइ शुद्ध स्थानमा विसर्जन गर्छु । अब तिमी सुखपूर्वक आफ्ना स्थानमा जाउ ।

 पुरानो जनै योमन्त्र पढेर गंगाजलमा वगाउने वा पवित्र स्थानमा विसर्जन गर्ने । तिलक लगाउने ।

जनैको अर्को नाम ब्रह्मसूत्र पनि हो ।

जनै लगाउनुको उद्देश्य र उपयोगिता-

यज्ञोपवितको मुख्य लक्षका वारेमा वताइएकोछ–
त्रिरस्यता परमा सन्ति सत्यस्यार्हा देवस्य जनिमान्यग्ने ।
अनन्ते अन्त परिवीतं आगाच्छुचिःशुक्रो अर्हो रोरूचानः॥
अर्थात् यज्ञोपवीतका ३मुख्य लक्षछन् – सत्यव्यवहारको आकांक्षा, अग्निसमान तेजस्विता, दिव्यगुणहरूको प्राप्ति। यस्तै अन्यान्य धार्मिक ग्रन्थहरूले पनि यज्ञोपवीतलाइ दीर्घजीवन ,सस्वास्थ्य वल ,तेज,बुद्धि,प्रतिष्ठा विजय र सुख प्रदायक सूत्र मानेकाछन् । यति महत्वपूर्ण मानिएको यज्ञोपवित द्विज वर्गले संधै धारण गर्नु पर्छ । यही नै सनातन विधिहो भन्ने मान्यता वशिष्ठ स्मृतिकोछ ।
उपवीति भवेन्नित्यं विधिरेषःसनातनः।
यजुर्वेदका अनुसार यज्ञोपवित धारण गरेका पुष्ट र बलवान् मानिसहरूलाइ नमस्कारछ"उपवीतिने पुष्टननां पतये नमः॥"
यसरी यज्ञोपवीत वा जनैको महत्व वुझिसकेका व्यक्तिका मनमा "मैले ब्रह्म सूत्र लगाएकोछु जीवनलाइ उद्देश्य मूलक वनाउने प्रतिज्ञा लिएकोछु,विषय भोगमा मात्र न अल्मलिएर मैले परमार्थ-प्राप्ति सम्म पुग्नु छ र सामाजिक दायित्व पनि वहन गर्नुछ" भन्ने मनो वैज्ञानिक प्रभाव रहिरहन्छ । यसबाट व्यक्ति कर्तव्य परायण,सदाचारी,परोपकारी पुरूषार्थी निर्भिक र सहासी वनाइ राख्न मद्दत गर्छ ।
कानमा जनै किन राख्ने?
जनै धारण गर्ने व्यक्तिहरूले दिशा पिशाव गर्दा कानमा जनै वेर्ने गर्नु हुन्छ । यो शाश्त्रीय नियमहो । यसका पछाडी दुइटा कारणहरू देखा पर्छन । पहिलो कारणहो भावनात्मक र दोश्रो हो शरीर विज्ञान अनुसार स्वास्थ्यको सुरक्षा ।
जनै कानमा वेर्ने–
भवनात्मक कारणका अनुसार मलमूत्र त्यागका समयमा शरीरको तल्लो भाग विशेष गरि कम्मर मुनीको भाग दूषित हुन्छ अपवित्र हुन्छ तेसैले पवित्रताको प्रतीक जनैलाइ शुद्ध नभए सम्म कामना राख्नु पर्छ भन्नेहो ।
आचार मयुखमा भनिएकोछ–
अग्निरापश्च वेदाश्च सोमःसूर्यो४निलस्तथा ।
सर्वेदेवास्तु विप्रस्य कर्णे तिष्ठन्ति दक्षिणे ॥
अग्नि,जल वेद सोमः(चन्द्र) सूर्य अनिल लगायत सवै देवताहरू विप्रका दाहिने कानमा निवास गर्छन् । तेसैले शिरको वरी परीको भाग पवित्र हुन्छ । वैज्ञानिक हिसावले मानिसको वीर्यकोष हुंदैं मल मूत्र द्वार सम्म पुग्ने "लोहितिका" नाडीको मुख्य केन्द्र कानको फेदमा हुन्छ । मलमूत्र त्यागको वेलामा जनै लगेर कानका फेदमा वेरिदिंदा उक्त नाडी केन्द्र प्रभावित भइ वीर्यकोषमा संकुचन र मल मूत्र द्वारमा शिथिलता आउने हुनाले एकातिर मलमूत्र त्याग गर्दा वल पर्ननले अनयास ही वीर्यपात हुन सक्ने समस्या वाट जोगिन सकिन्छ भने अर्को तिर सहज ढंगले मलमूत्र विसर्जन हुन्छ । विशेष गरि दाहिने कानको सम्बन्ध मूत्राशय र बायाँ कानको समवनेध गुदद्वार संग हुने हुनाले (मूत्रे तु दक्षिणे कर्णे पुरीषे वाम कर्णके" भन्ने शाश्त्रीय वचन अनुसार मूत्र त्याग गर्दा दाहिने कानमा र मल त्याग गर्दा बायाँ कानमा जनै वेर्ने गरीन्छ वा दुवै क्रिया संग सगै हुने स्थितिमा दुवै कानमा वाध्ने चलनछ । कानको फेद देखि वाह्य घेरो हुंदै टुप्पो वा लोतीसम्म शारीरिक रोगनिवारण गर्ने विभिन्न केन्द्रहरू हुन्छन्। ती केन्द्रहरू चिनेर दवाव दिंदा ,छेड्दा प्वालपारे धातुका मुन्द्रहरू गरगहनाहरू लगाउंदा,बहु मूत्र,प्रमेह, ववासिर जस्ता दर्जनौ रोगहरू वाट वचन सकिन्छ भन्ने आयुर्वेदिक अकुप्रेसर ,अकुपञ्चर आदि उपचारहरू विज्ञानका आधारमा गरिने हुनाले यसै कारणले आभूषणहरूले संस्कारको रूप पाएका हुन्। महिला वा पुरूषले कानछेडेर गहना लगाउनका पछाडी पनि त्यही शरीर वैज्ञानिक कारण रहेको वुझिन्छ। कानचीरा योगीहरूले कान चिरेर कुण्डल लगाउनु पछाडीको कारण पनि यही हुन सक्छ ।
शूद्रता र जनै– जहाँ सम्म शूद्रहरूलाई जनै लगाउन निषेध गरिएको कुराछ, शाश्त्रीय आधारमा हेर्दा शूद्रता भन्ने कुरा वंशानुगत नभएर वृत्तिगत वा कर्म गतहो । जन्मदा सवै शूद्रवत् हुन्छन् र तिनको संस्कार गरे पछि ती द्विज बन्छन् । अनि ज्ञान गुनको अनुशीलन गर्दै पूर्ण ज्ञानी भए पछि क्रमशः विप्र र ब्राह्मण वन्छन् भन्ने शाश्त्रीय वचनछ ।
जन्मना जायते शूद्रःसंस्कारात् द्विज उच्यते ।
वेदपाठी भवेत् विप्रो ब्रह्म जानाति ब्राह्मणः॥
यश वाट के कुरा स्पष्ट हुन्छ भने संस्कार हीन अवस्थानै शूद्र अवस्थाहो र संस्कार द्वारा पूर्णतया सुसंस्कृत अवस्थानै ब्राह्मण हो । शूद्रता मानवीय विकास यात्राको प्रारम्भहो भने ब्राह्मणत्व तेसको पूर्ण अवस्थाहो । जो यात्राको प्रारम्भमैछ,अगाडि वढ्नै चाहंदैन,सुसंस्कृत हुनै चाहंदैनविधिनियमको पालना गर्दैन,मानवीय मूल्यमान्यताकोपर्वाह गर्दैन,जीवन आदर्शको उपेक्षा गर्छ र खान पान रहन सहन विधि व्यवहार मा जो छाडाछ तेसैको नाम शूद्र हो । तेस्ता आस्था र आदर्श विहिन व्यक्तिलाइ ब्रतवन्धको प्रतीक सरूप यज्ञो पवित दिनु भनेको यज्ञोपवीतको दुरूपयोग गर्नु हो । अतःब्राह्मण परिवारमा जन्मेर पनि दुष्ट कर्म गर्नेलाई यज्ञोपवित दिनु हुंदैन र शूद्रपरिवारमा जन्मेर पनि अदुष्ट कर्म गर्ने वा सत्कर्म गर्ने छ भने तेस्तालाइ उपनयन तथा यज्ञोपवीत गरिदिनु भन्ने शाश्त्रीय निर्देशन(अदुष्टकर्मणां शूद्राणामुपनयनम्)उपयुक्त देखिन्छ ।
(सन्दर्भ साम्राग्री हाम्रा सोह्र संस्कार प्रा डा श्रीनारायण प्र अधिकारीज्यू)
जयश्रीकृष्ण राधे


# हार्दिक मंगलमय शुभकामना

देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा विजय दशमी २०८२ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै सुख तथा समृद्धिको कामना गर्दछु ।

**सुशील आचार्य**

**अध्यक्ष**

**समयसूत्र मिडिया प्रा.लि.**

**काठमाडौं**

# नेपाल नागरिकता विधेयकमा आमाको पनि बंश कायम गरिएको छ

काठमाडौँ । गृहमन्त्री रमेश लेखकले नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयकले आमाको पनि बंश कायम हुने बताउनुभएको छ ।

आज प्रतिनिधिसभा बैठकमा प्रस्तुत भएको नागरिकता विधेयकका सम्बन्धमा गृहमन्त्री लेखकले आमाको नामबाट नागरिकता पाउने स्थितिलाई सुनिश्चित गरेको बताउनुभयो । "हामीले यो ऐतिहासिक प्रस्थान गरेका छौँ । आमाबाट पनि बंश कायम हुन्छ । आमाकै नागरिकताका आधारमा सन्तानले नागरिकता प्राप्त गर्छ भन्ने कुरालाई विधेयकमा सुनिश्चित गरिएको छ । बाबुको पहिचान नभएको अवस्थामा आमाकै नामबाट नागरिकता दिन सकिने विधेयकको आधारभूत तत्व हो", उहाँले भन्नुभयो । विधेयकमा १६ वर्ष उमेर पूरा नभएको र बाबु वा आमामध्ये कम्तीमा एकजना नेपाली नागरिक रहेको नाबालकलाई वैदेशिक यात्रामा सहजीकरण गर्न नाबालक परिचयपत्र प्राप्त गर्नसक्ने व्यवस्था गरिएको छ । उहाँले भन्नुभयो, "संविधानको भावनाबमोजिम कुनै पनि नेपाली नागरिक नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित हुने छैन । साथै नेपाली नागरिक आमाबाट जन्म भएका सन्तानले आमाको नामबाट नागरिकता प्राप्त गर्नेगरी संवैधानिक व्यवस्थाको पूर्ण रूपमा कार्यान्वयन हुनेछ भने आमा वा बाबुले जन्मका आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानहरूले अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ ।" विद्यमान सामाजिक परिवेशअनुसार पहिचानविहीन भएर बस्नुपरेको वैदेशिक रोजगारमा गएका नेपाली महिलाका सन्तान नागरिकताविहीन भइरहेको अवस्थामा अङ्गीकृत नागरिकता प्राप्त गर्नसक्ने उहाँको भनाइ छ ।

# शैक्षिक क्षेत्रमा राजनीतिक हस्तक्षेप बन्द गर्नुपर्नेमा जोड

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री शङ्कर भण्डारीले शैक्षिक क्षेत्रमा राजनीतिक हस्तक्षेप गर्न नहुने बताउनुभएको छ ।

तनहुँको व्यास नगरपालिका-१ भादगाउँस्थित आदिकवि भानुभक्त क्याम्पसको ३९औँ वार्षिक साधारणसभाको आज उद्घाटन गर्दै भण्डारीले शैक्षिक क्षेत्रमा राजनीति गर्न नहुने उल्लेख गर्नुभयो । तनहुँ क्षेत्र नं २ बाट निर्वाचित सांसदसमेत रहनुभएका भण्डारीले शिक्षा क्षेत्रमा देखिएको समस्या समाधानका लागि सरकार गम्भीर हुनुपर्ने बताउनुभयो । भण्डारीले नयाँ शिक्षा ऐन निर्माणको प्रक्रिया अन्तिम चरणमा पुगेकाले शिक्षा क्षेत्रमा सुधार गर्नुपर्नेमा जोड दिनुभयो ।

समुदायस्तरबाट सञ्चालित आदिकवि भानुभक्त क्याम्पसले यस क्षेत्रको शैक्षिक उन्ननयमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको उहाँको भनाइ थियो । कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर चुमान, अशोककुमार श्रेष्ठ, संविधानसभा सदस्य रामचन्द्र पोखेल, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेलगायतले शिक्षा क्षेत्रको विकासका लागि सबै एकजुट हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

सो क्याम्पसमा हाल तीन हजार १०० विद्यार्थी अध्ययनरत छन् । त्यसमध्ये ९० प्रतिशत विद्यार्थी ग्रामीण भेगका छन् भने १८ प्रतिशत विद्यार्थी दलित र ७० प्रतिशत विद्यार्थी विपन्न वर्गका छन् ।

# विकास निर्माणका काम समयमा सम्पन्न गर्न निर्देशन

नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्यालले विकास निर्माणका काम समयमा सम्पन्न गर्न निर्देशन दिनुभयो । कोशी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा आज विराटनगरमा आयोजित सङ्घ, प्रदेश र स्थानीय तहका शासकीय सवाल विषयक अन्तरक्रिया उहाँले जनताले प्रत्यक्ष अनुभूत गर्ने गरी समयमा काम गर्न आग्रह गर्नुभयो । मुख्यसचिव अर्यालले राजस्व चुहावट नियन्त्रण र लागुऔषध नियन्त्रणमा जोड दिनुपर्ने बताउनुभयो । उहाँले प्रत्येक वर्ष तीन प्रतिशतले साधारण खर्च वृद्धि भइरहेकामा चिन्ता व्यक्त यसले जनताको आयवृद्धिमा समस्या सृजना भइरहेकाले मितव्ययिता अपनाउनुपर्ने सुझाव दिनुभयो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव गोविन्दबहादुर कार्कीले घरेलु मदिरा 'ब्रान्डिङ' गर्न ऐन कानुन संशोधन गर्नु आवश्यक रहेको बताउनुभयो । उहाँले कृषिउपज भारत निकासीका लागि प्रदेशको खाद्य प्रयोगशालामा आवश्यकताअनुसारको कर्मचारी नियुक्त गर्न सुझाव दिनुभयो । कोशी प्रदेशकी प्रमुख सचिव चन्द्रकला पौडेलले तीन तहका सरकारबीच समन्वय कायम गरी कार्य गर्ने बताउनुभयो ।

कार्यक्रममा मुख्यमन्त्री कार्यालयका सचिव एकदेव अधिकारी, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव रामप्रसाद आचार्य, मोरङका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, विराटनगर भन्सार कार्यालयका प्रमुख उमेश श्रेष्ठ, आन्तरिक राजस्व कार्यालय विराटनगरका प्रमुख केशवकुमार उप्रेतीलगायतले आफ्नो कार्यालयले गरेका काम र समस्याबारे जानकारी गराउनुभएको थियो । कार्यक्रममा विभिन्न सङ्घीय कार्यालयका प्रमुख, प्रदेशका मन्त्रालयका सचिव, तीन वटा सुरक्षा निकायका प्रदेश प्रमुखहरूको सहभागिता रहेको थियो ।

# नतिजा आउने गरी काम गर्न मन्त्री भण्डारीको निर्देशन

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले अपेक्षाकृत नतिजा आउने गरी काम गर्न बैतडीका कार्यालय प्रमुखहरूलाई निर्देशन दिनुभएको छ । पाटनमा सम्पन्न जिल्लास्थित कार्यालय प्रमुखहरूको बैठकमा मन्त्री भण्डारीले सरकारी कार्यालयबाट सम्पादन हुने कामहरू अपेक्षाकृत रूपमा नतिजा आउने गरी काम गर्न निर्देशन दिनुभएको हो । उहाँले भन्नुभयो, "सरकारी कार्यालयले गर्ने काममा जनताले अनुभूति गर्ने गरी हुनुपर्छ, जसमा अपेक्षाकृत नतिजा आउन नसकेको भन्ने जनताको गुनासो आउनुभएन ।" पूर्वाधारका कामलाई प्राथमिकतामा राख्न आग्रह गर्दै मन्त्री भण्डारीले अनुदानका काममा नतिजा आउने गरी कार्यान्वयन गर्न कार्यालय प्रमुखहरूलाई निर्देशन दिनुभयो । बर्सातको समय रहेकाले विपद् पूर्वतयारी तथा उद्धारका लागि तयारी अवस्थामा रहन र चाडपर्व लक्षित बजार अनुगमनलाई कडाइ गर्न मन्त्री भण्डारीले निर्देशन दिनुभयो ।

# जिएसआईका बारेमा यथार्थ जानकारी गराउन माग

काठमाडौं । प्रतिनिधिसभाको आजको बैठकमा चीनद्वारा प्रस्तावित 'ग्लोबल सेक्युरिटी इनिसियटिभ' (जिएसआई) र 'ग्लोबल सिभिलाइजेसन इनिसियटिभ'(जिसीआई) मा नेपालले सहमति जनाएको भन्ने विषयमा सांसदहरूले यथार्थ जानकारी गराउनुपर्ने माग गर्नुभएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका क्रममा चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको भेटवार्तापछि चीनको विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा सोबारे चीनद्वारा गरिएको दाबीको यर्थाथबारे सदनमा जानकारी गराउनुपर्ने सांसदहरूले माग गर्नुभएको छ ।



बैठकको विशेष समयमा सत्तापक्ष तथा प्रतिपक्ष दुवैतर्फका सांसदहरूले यस विषयमा प्रधानमन्त्री र परराष्ट्र मन्त्रालयले सदनमा जवाफ दिनुपर्ने माग राख्नुभएको हो । उक्त भ्रमणका क्रममा 'लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्र नेपालको भूमि हो' भनेर स्पष्ट ढङ्गले विषय उठान हुनु सकारात्मक रहेको सांसदहरूको साझा धारणा थियो । सुरक्षा रणनीति तथा सैन्य सहकार्यमा समेत नेपालले सहमति जनाएको भनी चीनको विदेश मन्त्रालयबाट सार्वजनिक भएको धारणा स्वीकार्य नहुने भन्दै प्रधानमन्त्रीले यसबारे सदनलाई स्पष्ट पार्नुपर्ने माग सांसदहरूबाट आएको हो ।

विशेष समयमा नेपाली कांग्रेसका सांसद दिलेन्द्रप्रसाद बडूले साङ्घाई सहयोग सङ्गठनको शिखर सम्मेलनका क्रममा प्रधानमन्त्री ओली र चिनियाँ राष्ट्रपति सी चिनफिङबीच भेटवार्ता हुँदा लिपुलेकको विषय उठाइनु सकारात्मक रहेको बताउनुभयो । उक्त क्षेत्रमा व्यापारिक मार्ग बनाउनेगरी भारत र चीनबीच भएको सहमति नेपाललाई स्वीकार्य नहुनेबारे प्रधानमन्त्री ओलीले चिनियाँ राष्ट्रपतिसँग राख्नुभएको धारणा सकारात्मक रहेको उहाँले उल्लेख गर्नुभयो ।

सांसद बडूले महाकाली नदीको मुहान लिम्पियाधुरामा रहेको र सुगौली सन्धिअनुसार महाकालीपूर्वका सबै भूभाग नेपालको रहेको भन्दै यो विषय चीनका राष्ट्रपतिलाई प्रधानमन्त्रीमार्फत जानकारी गराइनु नेपालको कूटनीतिक उपलब्धिका रूपमा चर्चा गर्नुभयो । उक्त भेटका क्रममा छलफलको एजेण्डामा समेत नराखिएको जिएसआईको विषय चीनको विदेश मन्त्रालयबाट जारी वक्तव्यमा किन र कसरी आयो भनेर उहाँले प्रश्न गर्नुभयो । यस विषयमा परराष्ट्र मन्त्रालयले सदनमा स्पष्ट पार्नुपर्ने उहाँको माग छ । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद प्रकाश ज्वालाले नेपाल जिएसआईमा सहमत भएको भनी चीनबाट जारी वक्तव्यका विषयमा प्रधानमन्त्रीले सदनलाई जवाफ दिनुपर्ने माग राख्नुभयो ।

“प्रधानमन्त्री ओलीको चिनियाँ राष्ट्रपतिसँगको भेटपछि चीनको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा नेपालले सुरक्षा रणनीति जिएसआईमा समर्थन गरेको भनेर दाबी गरेको छ । नेपाल हालसम्म कुनै पनि सुरक्षा तथा सैन्य रणनीतिसँग नजोडिएको र असंलग्न परराष्ट्र नीति अवलम्बन गरिरहेको अवस्थामा यसलाई स्वीकार गर्न सकिँदैन”, उहाँले भन्नुभयो, “नेपाल कुनै सुरक्षा तथा शैन्य रणनीतिमा लाग्दा सुरक्षा पासोमा पर्नसक्ने जोखिम हुन्छ । जिएसआई मान्ने विषय नेपालका लागि आपत्तिजनक छ । यसकारण प्रधानमन्त्रीले यस विषयमा संसद्मा जवाफ दिनुपर्छ । ”

प्रधानमन्त्री ओलीको चीन भ्रमणका क्रममा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको भेटमा अवैध रूपमा रूसी शैन्यमा भर्ती भएका नेपालीबारे छलफल भए नभएको जानकारी दिन उहाँले माग गर्नुभयो । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद जुलीकुमारी महतोले (महासेठ) ले नेपालको अभिन्न भूभाग लिपुलेक क्षेत्रबाट व्यापारिक नाका खोल्नेगरी चीन र भारतले सहमति गरेकामा नेपालले त्यसको विरोध जनाएको बताउँदै प्रधानमन्त्री ओलीको चीन भ्रमणका क्रममा उक्त विषय स्पष्ट ढङ्गले उठान भएको धारणा राख्नुभयो । प्रधानमन्त्री ओलीको यो भ्रमण राजनीतिक रूपमा मात्र नभई कूटनीतिक रूपमा पनि सफल भएको उहाँको भनाइ छ । सहकारी पीडित बचतकर्ताको पैसा फिर्ताको प्रत्याभूति हुनुपर्ने धारणा महतोले सदनमा राख्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद लेखनाथ दाहालले साङ्घाई सहयोग सङ्गठनको शिखर सम्मेलनमा नेपालको कूटनीतिक क्षमता प्रदर्शन गर्न नपुगेको बताउनुभयो । परराष्ट्र मामिलामा सिङ्गो देश एक ठाउँमा हुनुपर्ने उल्लेख गर्दै उहाँले कुनै व्यक्तिले मात्र अपरिपक्क निर्णय लिन नहुने तर्क राख्नुभयो ।

भारत र चीनले नेपालको जानकारी बिना व्यापारिक प्रयोजनार्थ लिपुलेक क्षेत्र प्रयोग गर्ने भनेर सहमति गरेकाप्रति संसद्बाटै प्रतिवाद गर्नुपर्ने र सरकारको तर्फबाट मन्त्रिपरिषद्बाट निर्णय गरेर असहमति जाहेर गर्नुपर्नेमा सांसद दाहालले जोड दिनुभयो । यो विषयलाई नेपालले संयुक्त राष्ट्रसङ्घ र अन्तरराष्ट्रिय अदालतसम्म लैजानुपर्ने उहाँले धारणा राख्नुभयो । मुख्य राजमार्ग अवरुद्ध हुनेगरी उखु किसानले आन्दोलन गर्ने बताइरहँदा सरकारले उनीहरूका जायज माग सम्बोधन गर्नुपर्ने धारणा दाहालको छ । त्यस्तै, सहकारी, लघुवित्त र मिटरब्याज पीडितहरूका समस्या समाधानका लागि सरकार गम्भीर हुन नसकेको आरोप उहाँले लगाउनुभयो । जनता समाजवादी पार्टीका सांसद रञ्जुकुमारी झाले तराई मधेसमा अहिले पनि खानेपानीको अभाव रहेको विषय सदनमा उठाउनुभयो । किसान सधैँ पीडित हुनुपर्ने अवस्था कहिलेसम्म रहन्छ भनेर पनि उहाँले प्रश्न गर्नुभयो । राज्य संयन्त्रले किसानलाई उपेक्षामा पार्न नहुने सांसद झाको धारणा थियो । जनमत पार्टीका सांसद अब्दुल खानले उखु तथा दुग्ध किसानको आन्दोलनलाई छलफलमार्फत समाधान गरिनुपर्ने बताउनुभयो । कवाडी व्यवसायी, राहत शिक्षक, सहकारी तथा लघुवित्त पीडितलगायत आन्दोलनहरू भइरहेकाले यस्ता समस्या समाधानका लागि सरकार गम्भीर बन्नुपर्ने उहाँको भनाइ छ ।

# जनयुद्धमा महिलाको सहभागिताबाट मात्रै ३३ प्रतिशत अधिकार स्थापित : अध्यक्ष दाहाल

काठमाडौँ । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले वैज्ञानिक समाजवाद स्थापनाका लागि विचार मिल्ने इमान्दार शक्तिबीच एकता आवश्यक भएको बताउनुभएको छ । अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को सातौँ राष्ट्रिय सम्मेलनको आज उद्घाटन गर्दै उहाँले समाजवादी आन्दोलनलाई अगाडि बढाउने अबको सङ्कल्प हुनुपर्ने बताउनुभयो । अध्यक्ष दाहालले जनयुद्धमा महिलाको उल्लेखनीय योगदान रहेको उल्लेख गर्दै भन्नुभयो, "जनयुद्धमा हजारौँ महिलाको सहभागिता नभएको भए सङ्घीय लोकतान्त्रिक संविधान, गणतन्त्र र राज्यका निकायमा महिलाको ३३ प्रतिशत उपस्थिति सम्भव थिएन ।"

अध्यक्ष दाहालले जनताको सङ्घर्षको बलमा स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्रविरूद्ध भइरहेका षडयन्त्र परास्त गर्न परिवर्तनकारी शक्तिहरू एकजुट हुनुपर्नेमा जोड दिनुभयो । "सम्मेलनबाट समाजवादी यात्राका लागि पार्टी र संविधानविरूद्ध भइरहेको षड्यन्त्रविरूद्धको सङ्कल्प लिनुहुनेछ", उहाँले भन्नुभयो । उहाँले संविधानले चाहेअनुसार निर्माण गर्न नसकिए पनि सम्झौताको दस्तावेजका रूपमा रिजर्वेसनसहित ल्याइएको बताउनुभयो । तर जुन उदेश्यले संविधान निर्माण गरिएको थियो त्यसको कार्यान्वयनभन्दा संविधानविरूद्ध गतिविधिप्रति चिन्ता व्यक्त गर्दै भन्नुभयो, "हामीले बनाएको संविधान कार्यान्वयनतर्फ होइन, उपलब्धि उल्टिने खतरा देखिएको छ ।"

अध्यक्ष दाहालले देशमा स्थिरता र सुशासन कायम गर्न प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको आवश्यकता दोहोऱ्याउनुभयो । उहाँले भन्नुभयो, "१० वर्षअघि संविधान निर्माण गर्दा हामीले भनेका थियौँ–जननिर्वाचित कार्यकारी प्रमुख र निर्वाचन पूर्ण समानुपातिक हुनुपर्छ । अहिले त्यसको आवश्यकता झन् बढी महसुस भइरहेको छ ।"



माओवादीका उपाध्यक्ष पम्फा भुसालले पूर्ण महिला अधिकार स्थापनाका लागि वैज्ञानिक समाजवादमा जानुपर्नेमा जोड दिँदै प्राप्त राजनीतिक उपलब्धिको रक्षा गर्दै थप अधिकारका लागि सङ्घर्ष गर्नुपर्ने बताउनुभयो । "उत्पादनको स्रोतमाथिको समान पहुँच, समान क्षमता र योगदानबाटमात्रै महिला मुक्ति सम्भव छ", उहाँले भन्नुभयो, "महिलामाथि हुने विभेद भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र वर्गीय रूपमा हटे पनि महिला पुरूषबीचको भेदभाव चिन्तनको समस्या हो, यो लामो समयसम्म रहन्छ, उक्त चिन्तनकाविरूद्ध सङ्घर्ष गर्नुपर्छ ।"

माओवादी नेत्री शशि श्रेष्ठले संविधानमा व्यवस्था भएका महिला हक अधिकार कार्यान्वयन गर्न सम्पूर्ण महिला एकताबद्ध हुनुपर्ने बताउनुभयो । "सबै प्रकारको विभेद अन्त्य गरेर समतामुलक नेपाल निर्माण गर्न क्रियाशील हुनुपर्छ, समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिलाको प्रतिनिधित्व हुनुपर्छ", उहाँले भन्नुभयो, "संविधान संशोधनका क्रममा महिलाका अधिकार खोसिन सक्छ, यसतर्फ सबैले खबरदारी गर्नुपर्छ ।" माओवादी नेत्री एवं भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले महिलाले प्राप्त जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरिरहेको तथ्य प्रस्तुत गर्दै महिलालाई थप अधिकार दिन कञ्जुस्याइँ गर्न नहुने बताउनुभयो । कार्यक्रममा अध्यक्ष दाहालले अल्किना बमद्वारा लिखित पुस्तक 'जुनकिरी हराएको रात'को लोकार्पण गर्नुभएको थियो ।


## हार्दिक मंगलमय शुभकामना

देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा विजय दशमी २०८२ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै सुख तथा समृद्धिको कामना गर्दछु ।

**कुशेन्द्रबहादुर महत**

पूर्व सदस्य

राष्ट्रिय योजना आयोग

काठमाडौं ।

# कामनपाबाट २०४ जना विपन्न, असहायले लिए निःशुल्क सेवा

काठमाडौँ । काठमाडौँ महानगरपालिकाले कार्यान्वयनमा ल्याएको लक्षित वर्ग निःशुल्क उपचारबाट अहिलेसम्मा २०४ जनाले सेवा लिनुभएको छ । उक्त सेवा २०८० फागुन १ गतेदेखि सञ्चालनमा ल्याएको हो । सेवा लिनेमध्ये सेवा लिनेमध्ये सबैभन्दा धेरै ४८ जनाले शल्यक्रिया सेवा लिनुभएको छ । यसमा हर्निया, हाइड्रोसिल, पाठेघर, स्नायु तथा नशाको, पित्तथैलीको पत्थरीको, मिर्गौलामा पत्थरी भएको, हाड जोर्नीको, नाक कान घाँटीको शल्यक्रिया रहेको कामपाले जानकारी दिनुभएको छ ।

कामपाका जनस्वास्थ्य निरीक्षक धनेन्द्र श्रेष्ठका अनुसार यसअन्तर्गत जटिल खालको मधुमेह, मिर्गौलाको रोग, क्षयरोग, उच्च रक्तचाप, दम, मधुमेह, दीर्घ कलेजोको रोग रहेका छन् । सात जनाले आकस्मिक स्वास्थ्य सेवा, १९ जनाले नशा तथा स्नायुको, १३ जनाले श्वासप्रश्वाशसम्बन्धी, १२ जनाले मूत्र प्रणाली तथा पिसाबसम्बन्धी समस्यामा सेवा लिनुभएको छ ।

सेवा दिनेमध्ये सबैभन्दा धैरै अन्नपूर्ण न्युरोलोजिकल हस्पिटलबाट ५० जनाले सेवा लिनुभएको छ । काठमाडौँ मेडिकल कलेजबाट १९ जना, काठमाडौँ मोडेल अस्पतालबाट १८ जना, नेपाल आँखा अस्पतालबाट १५ जनाले, पिपुल्स डेन्टल कलेज एण्ड जनरल अस्पतालबाट नौ जनाले सेवा लिनुभएको श्रेष्ठले जानकारी दिनुभयो ।

सेवाप्राप्त गर्ने लाभग्राहीलाई प्रदेशगत रूपमा हेर्दा सबैभन्दा धेरै बागमती प्रदेशका ७२ जनाले सेवा लिनुभएको छ । यस्तै गण्डकी प्रदेशका ३२ जनाले, कोशी प्रदेशका २७ जना, मधेस प्रदेशका २१ जना, लुम्बिनी प्रदेशका २० जना, कर्णाली प्रदेशका १७ जना र सुदूरपश्चिम प्रदेशका १५ जना बिरामीले सेवा लिनुभएको छ । यो करिब रू ७४ लाख १६ हजार उपचार सेवा हो ।




लक्षित वर्गलाई निःशुल्क उपचार गराउनुपर्ने कानुनी व्यवस्था भए पनि यो व्यवस्था कार्यान्वयनमा नआएपछि कामपाले अनिवार्य गराएको थियो । यसलाई कार्यान्वयन गराउन कामपाले लक्षित वर्गको उपचार गराउनेसम्बन्धी कार्यविधि, २०८० जारी गरेर अनलाइन प्रणालीमार्फतसेवा प्रारम्भ गरेको हो । यस प्रणालीमा निजी क्षेत्रबाट सञ्चालित ५३ वटा अस्पतालका ३८० शय्या कामपाको यस प्रणालीमा आबद्ध भएका छन् ।

यस सेवासम्बन्धी थप जानकारीका लिन कामपाको निःशुल्क कल सेन्टर ११८० मा फोन गर्न सकिने बताइएको छ । बिरामीले सेवा लिने प्रक्रिया तथा आवश्यक कागजात, कुन अस्पतालमा कुन सेवा उपलब्ध छ, उपचारका लागि अस्पतालअनुसार शय्या खाली छ वा छैन विवरण आवश्यकताअनुसार बुझ्न पनि सकिनेछ ।

## हार्दिक मंगलमय शुभकामना

देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा विजय दशमी २०८२ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै सुख तथा समृद्धिको कामना गर्दछु ।

**मनोज तामाङ**

**प्रवन्ध निर्देशक**

**राज ग्रुप अफ कम्पनी**

**काठमाडौं ।**

# शासकीय सुधारका लागि सरकारबीचको समन्वय थप सुदृढ पार्नुपर्ने

शासकीय सुधारका लागि तीन तहका सरकारबीचको आपसी समन्वयलाई थप प्रभावकारी बनाउनुपर्नेमा धनगढीमा आयोजित 'शासकीय सुधार संवाद शृङ्खला' कार्यक्रममा जोड दिइएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गरेको उक्त संवाद शृङ्खला कार्यक्रमका वक्ताहरूले शासकीय सुधारका लागि समन्वय र सहकार्यलाई थप बलियो बनाउन सकेमा मात्र त्यसबाट सेवाग्राहीले प्रतिफल पाउने विश्वास व्यक्त गर्नुभयो ।




उहाँहरूले तीनै तहलाई दिइएको अधिकारको बाँडफाँटको विषय कतिपय सन्दर्भमा अस्पष्ट देखिने भई अन्योलता देखिने गरेकाले यसलाई थप स्पष्ट पार्नुपर्ने, सेवाग्राहीलाई सन्तुष्टि मिल्नेगरी सेवा प्रवाहको प्रक्रियामा थप सुधार गर्नुपर्ने, सुशासन प्रवर्द्धनका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगलगायतका निकायमा बेलाबखत देखिने कतिपय कमीकमजोरीलाई समयसापेक्ष ढङ्गले सुधार गर्दै जानुपर्ने, संवैधानिक आयोगका पदाधिकारी र न्यायधीश नियुक्तिजस्ता विषयमा राजनीतिक आग्रह पूर्वाग्रह नराखी निष्पक्ष ढङ्गले स्वतन्त्र, योग्य एवं सक्षम व्यक्तिलाई नियुक्ति गर्ने व्यवस्था हुनुपर्ने सुझाव पनि दिनुभयो । प्रशासनिक स्वायत्तताको विषय कतिपय स्थानीय तहमा पेचिलो बन्दै गएकाले यसको सुधारमा पहल गर्नुपर्ने, कतिपय विषयमा स्थानीय तहमा देखिने गरेको बेथितिलाई रोक्न कानुनको शासनले बाँध्ने व्यवस्था गर्नुपर्ने सुझाव समेत वक्ताहरूले दिनुभयो ।

कार्यक्रममा सङ्घीयता सवलीकरण गर्न विभिन्न तहका सरकारको भूमिका, कार्य र वित्तीय समस्या, योग्यता, क्षमता र जवाफदेहिता सुनिश्चित गर्न निजामती सेवामा गर्नुपर्ने सुधार, विश्वसनीय बजेट र प्रभावकारी सार्वजनिक खरिदका लागि सार्वजनिक वित्तीय व्यवस्थापनमा गर्नुपर्ने सुधार, भ्रष्टाचार रोकथाम तथा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्दै सत्यनिष्ठा प्रणाली सुदृढ गर्ने उपायलगायतका विषयमा सुझाव मागिएको थियो । सो अवसरमा सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री हीरा सार्कीले हरेक नागरिकले आफूबाट नै सुधारको लागि तत्परता देखाउनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले अर्काप्रति औँलो ठड्याउनुभन्दा आफैँले आफूलाई सुधार गरेर अघि बढ्नुपर्ने खाँचो छ ।" कार्यक्रममा जिल्ला समन्वय समिति कैलालीका प्रमुख टीका चौधरी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव भीष्म भुसाल, प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्साललगायतले पनि शासकीय सुधारका बारेमा प्रकाश पार्नुभएको थियो । कार्यक्रममा निर्वाचित जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, मानवअधिकारकर्मी, गैरसरकारी संस्थाका प्रतिनिधि, विभिन्न कार्यालयका प्रमुखलगायत सहभागी हुनुहुन्थ्यो ।

## हार्दिक मंगलमय शुभकामना

देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा विजय दशमी २०८२ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै सुख तथा समृद्धिको कामना गर्दछु ।

**रामचन्द्र कोइराला**
**व्यवसायी तथा समाजसेवी**
**काठमाडौं**

# स्याफ्रु–रसुवागढी सडकखण्ड सञ्चालनमा जोड

स्याफ्रुबेँसी-रसुवागढी खण्डको राजमार्गमा मालवाहक सवारीसाधन गुड्ने अवस्था नहुँदा जिल्लास्थित निर्माणाधीन जलविद्युत् आयोनाहरूको काम प्रभावित भएको छ । गत असार २४ गतेको बाढीले रसुवागढी जलविद्युत् आयोजनाको मुहानको बाँधमा क्षति पुर्‍याएपछि मर्मत एवं पुनर्निर्माणका लागि अत्यवश्यक उपकरण तथा सामग्री ढुवानी हुननसक्दा काम प्रभावित भएको हो । सुरूङ र जलविद्युत्गृह सुरक्षित रहे पनि मुहानको बाँध पूरै क्षति भएपछि मर्मत गर्न आवश्यक रड तथा सिमेन्टसहितका उपकरण ढुवानी तथा व्यवस्थापन गर्न समस्या देखिएको रसुवागढी जलविद्युत् कम्पनीले जनाएको छ । बाढीका कारण क्षतिग्रस्त सडकमा 'ट्र्याक' खोलेसँगै हल्का सवारीसाधनमात्र आवतजावत गर्नसक्ने भएको तर ठूला मालवाहक गाडी चल्ने अवस्था नभएकाले सामान ढुवानी गरी जलविद्युत् आयोजनको बिग्रिएका संरचनाको मर्मतसम्भारसहितका अन्य काम हुन नसकेको सो कम्पनीका प्रबन्ध निर्देशक सत्यराम ज्याख्वले बताउनुभयो । सो कम्पनीका अनुसार ल्हेन्दे खोलामा आएको बाढीले १११ मेगावार्ट क्षमताको रसुवागढी जलविद्युत् केन्द्रको संरचना बिगारेसँगै विद्युत् उत्पादन बन्द भई दैनिक रू एक करोडभन्दा बढी आम्दानी नोक्सान भइरहेको छ ।

दैनिक २६ लाख ६४ हजार युनिट विद्युत उत्पादन हुनेगरेको रसुवागढी विद्युत् उत्पादन केन्द्रको संरचना बिग्रिएसँगै कम्पनीले रू ७२ करोड ८८ लाख ७० हजार घाटा व्यहोर्नुपरेको प्रबन्ध निर्देशक ज्याख्वले जानकारी दिनुभयो ।



बाढीले आयोजनाको मुहानको बाँधलगायतका बाहिरी संरचना क्षति हुँदा करिब रू तीन अर्ब ५० करोड नोक्सान भएको रसुवागढी जल विद्युत् कम्पनीले जनाएको छ ।

विद्युत् उत्पादनबाट हुने आम्दानीबाट आयोजना निर्माणमा लागेको ऋण चुक्ता गर्ने आठ वर्ष निर्धारण गरिएकामा यसरी विद्युत् उत्पादन हुन नसकेपछि ऋण चुक्ता गर्ने समयावधि बढाउनुपर्नेमा जोड दिँदै प्रबन्ध निर्देशकले भुक्तानी दिनुपर्ने सावाँ र ब्याजको भार समेत बढ्ने भएकाले अवरूद्ध सडकखण्ड यथासक्य छिटो सञ्चालन गर्ने वातावरण तयार गरिदिन सरकारसँग अनुरोध गर्नुभयो । मुहानको बाँधमा बाढीले ठुलाठुला ढुङ्गाहरू ल्याएको र बाँधको भुँइको सतहस्थित सिमेन्टका संरचना विगारेकाले निर्माण सामग्रीसहित बाढीले ल्याएका ढुङ्गा फोर्ने उपकरण ल्याउन सडकमा ठूला सवारीसाधन गुडाउने वातावरण तयार नहुँदा मर्मतकार्य अगाडि बढाउन नसकेको आयोजनाले स्पष्ट परेको छ ।

उता गल्छी, मैलुङ सडक सुधार आयोजनाका प्रमुख खड्गलाल श्रेष्ठका अनुसार चार पाँच दिन सम्ममा रसुवागढीसम्मको ट्र्याक खोली सक्ने र चीन सरकारले ल्हेन्दे खोलामा मितेरी पुल निर्माण सम्पन्न गरिसक्दा मालवाहक सवारीसाधन गुड्ने वातावरण मिलाउने लक्ष राखिएको छ । यसरी सीमानाकालाई लक्षित गरी काम गर्दा राष्ट्रिय गौरवका जलविद्युत् आयोजनाहरूको काम अलपत्र अवस्थामा पर्न लागेको जलविद्युत् केन्द्रले गुनासो गरेको छ । रसुवालीलगायत नेपाली जनताको शेयर समेत रहेको सो रसुवागढी जलविद्युत् आयोजनाको मुहान मर्मतका लागि ल्याइने मालसामग्री ढुवानी गराउन दुई लेनको सडक चाँडै निर्माण गर्न नागरिक समाज, रसुवाले माग गरेको छ । सडक पूर्णरूपमा अवरूद्ध भएसँग आयत-निर्यात ठप्प भई रसुवा भन्सारको राजस्व सङ्कलन शून्यमा झरेको छ । प्रमुख भन्सार अधिकृत तुलसीप्रसाद भट्टराईले सडक बन्द हुँदा वर्षिक रू ४० अर्ब १६ करोड तथा साउन-भदौमा रू सात अर्ब उठाउने लक्ष्य कुनै पनि हालतमा पूरा नहुने बताउनुभयो ।


## हार्दिक मंगलमय शुभकामना

देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा विजय दशमी २०८२ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै सुख तथा समृद्धिको कामना गर्दछु ।

**सविन योञ्जन**

**अध्यक्ष**

**ग्लाडस्टोन हस्पिटालिटी सर्भिसेज**

**युएई**

# विदेशी पर्यटकको दर्ता तथा अनुगमन विद्युतीय प्रणालीमार्फत हुने

काठमाडौ । अध्यागमन विभागले 'भिजिट भिसा'मा आउने विदेशी पर्यटकको दर्ता तथा अनुगमन विद्युतीय प्रणालीमार्फत गर्ने भएको छ । विभागले विदेशी नागरिक दर्ता तथा अनुगमन (ट्र्याकिङ) प्रणाली लागू गर्नेसम्बन्धी सूचना आज जारी गरेको हो ।




विदेशी नागरिकको सुरक्षा, सूचनामा सहजीकरण, सम्भावित अपराध नियन्त्रण र नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग गर्ने उद्देश्यले नयाँ प्रणालीको विकास गरिएको विभागका महानिर्देशक रामचन्द्र तिवारीले जानकारी दिनुभयो। विकसित प्रणालीको कार्यान्वयनमार्फत भिजिट भिसामा नेपाल आउने विदेशी नागरिकको बसाइ तथा गतिविधिको अभिलेख व्यवस्थित गर्न सहज हुने विश्वास लिइएको छ ।

विभागले प्रणालीमा दर्ता हुने प्रक्रिया र 'म्यानुअल' पनि आफ्नो वेबसाइटमा राखेको छ । यससम्बन्धी थप जानकारी आवश्यक भएमा विभागको सूचना प्रविधि शाखा वा विभागमा सम्पर्क गर्न सकिने सूचनामा उल्लेख छ । उक्त प्रणालीको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्न ७७ वटै जिल्लाका जिल्ला अनुगमन समितिलाई पत्राचार गरिसकिएको विभागले जनाएको छ ।

विभागका अनुसार यस प्रणालीलाई पहिलो चरणमा आगामी असोज १ गतेदेखि काठमाडौँ उपत्यकाभित्रका तारे होटलहरूमा अनिवार्य लागू गर्न लागिएको छ । दोस्रो चरणमा आगामी मङ्सिर १ गतेदेखि सबै तारेहोटल, विमान कम्पनी, टुर्स एण्ड ट्राभल कम्पनी, मनी एक्सचेन्जमा लागू गरिनेछ ।

विभागले विदेशी नागरिकलाई सेवा प्रवाह गर्ने सार्वजनिक संस्था तथा निजी कम्पनीलाई प्रणालीमा अनिवार्य रूपमा आबद्ध हुन अनुरोध गरेको छ । नयाँ प्रणाली लागू गर्नेबारे विभागले हालै होटल सङ्घ नेपाललगायत सरोकारवालासँग छलफल गरेको थियो । सङ्घका अनुसार विगत लामो समयदेखि यो प्रणालीबारे छलफल भए पनि लागू हुनसकेको थिएन । नयाँ प्रणालीका विषयमा छिट्टै आधिकारिक धारणा ल्याइने सङ्घले जनाएको छ ।

## हार्दिक मंगलमय शुभकामना

देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा विजय दशमी २०८२ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै सुख तथा समृद्धिको कामना गर्दछु ।

**सुनिलकुमार महत**

**अध्यक्ष**

**महत एण्ड कम्पनी**

**युएई**

# चाडबाड बाक्लिँदै गर्दा तरकारीको मूल्य आकासियो

चाडवाड नजिकिँदै गर्दा महोत्तरीका बजारमा तरकारीको मूल्य आकासिँदै गएको छ। साउनको नागपञ्चमीयता बजारमा हरिया सागसब्जीको मूल्य आकासिएको उपभोक्ताले बताएका छन्। साउन मध्यसम्म रू ३५ प्रतिकिलो पाइएको पुरानो स्थानीय आलु ५० पुगेको छ। पहाडबाट झारिएको आलु त रू ७० प्रतिकिलो पुगेको बर्दिबास-२ बुद्धचोककी गृहिणी गायत्री आचार्य बताउनुहुन्छ। यसैगरी भन्टा प्रतिकिलो रू ८० सम्म पुगेको छ। नागपञ्चमीयता राखी, कृष्णअष्टमी, तीज, चौरचन र भदैया रैब पर्व मधेसका महोत्तरीसहितका मिथिला क्षेत्रमा मनाइएको छ। अब पितृपक्ष, जितिया र दशहरा (दसैँ) मुखमै छन्। चाडबाडमा स्वाभाविक रूपमा सागसब्जी तरकारीको खपत बढ्ने हुँदा उपभोक्ता महँगीको मारमा परेका बर्दिबास-२ कै बासिन्दा अटोचालक भोला महतो बताउनुहुन्छ।

अधिक वर्षा तरकारीखेतीका लागि उपयुक्त हुँदैन। तर यसपालि असारयता पर्याप्त वर्षा नभए पनि तरकारीको मूल्य भने आकासिँदै गएको हो। असारसम्म बढीमा रू ४० प्रतिकिलो पाइने गरेको परवल अहिले १०० को हाराहारी पुगेको छ। यसैगरी, गोलभेँडा ९०, पहाडबाट झारिएको काउली त रू २०० प्रतिकिलो पुगेको आइतबार भदैयारैब पर्वका लागि तरकारी किन्न बजार जानुभएकी भङ्गाहा-४ रामनगरकी रसिया चौधरी थारूले बताउनुभयो। यसैगरी, हरियो फर्सी ६०, अरूवा (पिँडालु) ७०, करेला ९०, घिरौँला, झिमनी र भिन्डी (रामझिमनी) ५० र ओल रू १५० प्रतिकिलो पुगेको छ। चाडवाड बाक्लिदै गर्दा हरियो सागसब्जी र विभिन्न तरकारीको मूल्य चर्किएको उपभोक्ताको आम गुनासो छ। यसपालि लामो खडेरीले यहाँ स्थानीय तरकारीको उत्पादन घट्दा अहिले बजारमा तरकारीको धेरैजसो माग पहाडबाट झारिएको तरकारीले लिएको छ। यी तरकारी किसानको हातमा नभई व्यापारीको तजबिजमा हुँदा मूल्य आकासिएको आम उपभोक्ता लख काट्छन्। अहिले पहाडबाट झरेको तरकारी यहाँका बजार मात्र नभई सीमापारिका भारतीय बजारसम्म पुग्ने गरेको छ। यसले पनि यहाँ तरकारीको मूल्य निकै बढाएको व्यापारी स्वीकार गर्छन्।

"लगालगी चाडबाड परेका छन्, माग बढ्दो छ, यसले गर्दा तरकारीको मूल्य अझै केही बढ्नसक्छ," बर्दिबास-१ का तरकारी व्यापारी दिलीप कुशवाहा भन्नुहुन्छ, "हामीकहाँ आइपुग्दासम्म यो तरकारी तीन ठाउँ बेचिन्छ, सबैले केही न केही नाफा राखेरै बेच्नुपर्दा मूल्य अलि बढेको हो।" यहाँ उत्पादन घटेको, भारतबाट तरकारी आउन छाडेको र पहाडबाट झारिने तरकारीको ढुवानी भाडा बढ्दा बजारमा मूल्यमा प्रभाव परेको व्यापारीको भनाइ छ। यो क्रम यहाँ हिउँदे तरकारी ननिस्किउञ्जेल रहनसक्ने सीतापुर बजारका अर्का व्यापारी रामप्रताप साह बताउनुहुन्छ।

यता यहाँका किसान भने गत हिउँदमा आफ्नो उत्पादन कौडीको मूल्यमा बेच्नु परेको सम्झँदै अहिले किनेर खानपर्दा परेको मूल्यले विरक्तिएका छन्। अहिलेको तरकारी बजार किसानको नभई व्यापारीको कब्जामा रहेको किसान बताउँछन्। "प्रतिकूल मौसमले यसपालि हाम्रो तरकारीखेती फस्टाएन, कुनै बजारमा तरकारी बेच्न बसेका किसान हम्मेसी देखिन्नन्," तरकारी खेतीका अब्बल किसान मानिने बर्दिबास-९ पशुपतिनगरका महेन्द्र महतो भन्नुहुन्छ, "अहिले त आफ्नो भान्सा पनि बजार गइने झोलाले धान्नु परेको छ।" साउनयता भारतबाट यता आउने तरकारी पूरै रोकिएको छ। बरू सीमावर्ती भारतीय बजारमा पनि काभ्रेको मङ्गलटार, भकुण्डेबसी, मकवानपुरको टिस्टुङ्पालुङ, रामेछाप, सिन्धुली र पूर्व धनकुटादेखि आउने तरकारी पुगिरहेको हुँदा यहाँका बजारमा मागअनुसार अपुग हुँदा मूल्य बढेको जलेश्वर भन्सार नाका मलिबारास्थित प्लान्ट क्वारेन्टिइन कार्यालयका प्रमुख किशोर यादवको आकलन छ।


## हार्दिक मंगलमय शुभकामना

देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा विजय दशमी २०८२ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै सुख तथा समृद्धिको कामना गर्दछु।


**निता मानन्धर**

**अध्यक्ष**

**आइसफल व्यूटीसेलुन**

**युएई**

# कोभिड–१९ भ्याक्सिनका असरहरू के के हुन् ?




(Side effects) प्रायः सामान्य र अस्थायी हुन्छन् । यी असरहरू शरीरको प्रतिरक्षा प्रणाली सक्रिय भएको संकेत पनि मानिन्छ ।

सामान्यतः देखिने असरहरूः

–इन्जेक्सन लगाएको ठाउँमा समस्या,

–दुखाइ, रातोपन वा सुन्निनु

–सामान्य शारीरिक प्रतिक्रिया

– थकान महसुस हुनु

–टाउको दुख्नु

–ज्वरो आउनु वा चिसो लाग्नु

–मांसपेशी वा जोर्नी दुखाइ

–हल्का बान्ता/उब्का लाग्नु

–यी असरहरू सामान्यतः १–३ दिनभित्र आफैं हराउँछन् ।

कम देखिने तर सम्भावित असरहरूः

–एलर्जी प्रतिक्रिया (Allergic reaction)८८

–धेरै कम व्यक्तिहरूमा तुरुन्तै हुने गम्भीर एलर्जी (anaphylaxis)

–रगत जम्ने समस्या -Thrombosis with thrombocytopenia syndrome ( TTS)

–केही विशेष भ्याक्सिनसँग (जस्तै AstraZeneca वा J&J दुर्लभ रूपमा देखिएको

–मायोकार्डाइटिस/पेरिकार्डाइटिस (हृदय वरिपरिको सूजन)

– विशेष गरी युवा पुरुषहरूमा, RNA भ्याक्सिन (Pfizer, Moderna) पछि दुर्लभ रूपमा

– गुइलन–बारे सिन्ड्रोम (GBS)

–अत्यन्त दुर्लभ, स्नायु हुनु, प्रणालीमा असर हुनु

ध्यान दिनुपर्ने अवस्थाः

यदि भ्याक्सिन लगाएको केही दिनभित्रै निम्न लक्षण देखिए, तत्काल स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नुपर्ने जरूरी हुन्छः

– सास फेर्न गाह्रो हुनु

– अनुहार/घाँटी सुन्निनु

– लगातार उच्च ज्वरो आउनु

– छाती दुखाइ वा लगातार टाउको दुखाइ

–हातखुट्टा सुन्निनु वा असामान्य कमजोरी हुनु

–समग्रमा, कोभिड भ्याक्सिनको फाइदा (गम्भीर रोग, अस्पताल भर्ना र मृत्युबाट बचाउने) जोखिमभन्दा धेरै ठूलो छ ।